**कालिका नगरपालिका**

# राजस्व सुधार कार्ययोजना

## २०७८ आषाढ



## कालिका नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**रेडक्रस ग्राम, चितवन**

**बागमती प्रदेश, नेपाल**

## कृतज्ञता

कालिकानगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार गर्न रिसर्च एजेन्सी फर फेडरल एण्ड लोकल डेभलपमेन्ट प्रा.लि. लाई जिम्मेवारी दिनु हुने कालिकानगरपालिकाका प्रमुख श्री खुमनारायण श्रेष्ठउपप्रमुख श्री कमला भट्टराई,प्रमुख प्रशासकीय अधिकृत श्री अच्युत रेग्मीतथा कालिकानगरपालिका परिवार प्रति हामी कृतज्ञ छौ ।

राजश्व सुधार कार्ययोजना तर्जुमाको क्रममा तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन तयारीको विभिन्न चरणहरूमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने कालिकानगरपालिकाका सम्पूर्ण कर्मचारीहरूलाई परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै यस राजश्व सुधार कार्ययोजनाको तर्जुमाको सम्पुर्ण प्रकृयामा विषय विज्ञको भुमिका निभाउनु भएकोमा सार्वजनिक वित्त व्यवस्थापन विज्ञ श्री महेश घिमिरे प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौ । अन्तमा तीन वषएको आन्तरिक आयको प्रक्षेपण रहेको राजश्व सुधार कार्य योजनाको पूर्ण कार्यन्वयको समेत अपेक्षा गरेका छौं ।

*«✍ रिसर्च एजेन्सी फर फेडरल एण्ड लोकल डेभलपमेन्ट प्रा.लि., काठमाडौं*

इमेलः refald2019@gmail.com

# विषय सूची


परिच्छेद एक : परिचय ....... १
२.१ पृष्ठभूमि ....... १
२.२ अध्ययनको उद्देश्य ....... १
२.३ अध्ययन विधि तथा प्रक्रिया ....... २
१.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ....... २
१.३.२ तथ्याङ्क सूचना संकलन फारम तथा सूची विकास ....... २
१.३.३ तथ्याङ्क सूचना संकलन ....... ३
२.४ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी ....... ४
२.५ प्रतिवेदनको अन्तिम रूप ....... ४
२.६ अध्ययनको सीमा ....... ४

परिच्छेद दुई : राजश्व परिचालनको वर्तमान अवस्था तथा पुनरावलोकन ....... ६
२.१ नगरपालिकाको संक्षिप्त परिचय ....... ६
२.१.१ जनसंख्या तथा बसाईसराई ....... ६
२.२ राजश्व शाखा तथा राजश्व प्रशासन ....... ७
२.२.१ राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण ....... ७
२.२.२ राजश्व परामर्श समिति ....... ७
२.२.३ राजश्व परिचालन नीतिहरु ....... ८
२.२.४ सार्वजनिक वित्त आयका सम्भावित नीतिहरू ....... ८
२.२.५ व्यवस्थापन नियन्त्रण वित्तीय अनुशासन र पारदर्शिता ....... ८
२.२.६ राजस्व प्रशासनमा सुधार गर्नुपर्ने पक्षहरू ....... ९
२.३ नगरपालिकाको आय समिक्षा ....... १०
२.३.१ आन्तरिक आय परिचालन ....... १०
२.३.२ नगरपालिकाको यथार्थ आय विवरण ....... ११

परिच्छेद तीन : आन्तरिक आय सम्भावना विश्लेषण ....... १४
३.१ नगरपालिकाको राजश्व अधिकार सम्बन्धी सवैधानीक तथा कानुनी व्यवस्था ....... १४
३.२ प्रभावकारी राजश्व परिचालनका प्रमुख पक्षहरु ....... १५
३.२.१ कानुनी तथा नीतिगत व्यवस्था ....... १५
३.२.२ उपयुक्त संगठन निर्माण ....... १५
३.२.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरुको प्राथमिकीकरण ....... १६
३.२.४ विभिन्न आयमूलक कार्यक्रम ....... १६
३.२.५ पारदर्शिता र जवाफदेहिता ....... १६
३.२.६ परिवर्तित व्यवस्था अनुसार राजश्व संकलन ....... १६
३.२.७ राजश्व प्रशासन तथा नीति सम्बन्धी सवालहरु ....... १६
३.३ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्रहरू र सम्भावना विश्लेषण ....... १६
३.३.१ कर राजस्व ....... १७
३.३.२ गैह्र कर राजस्व ....... २१

परिच्छेद चार : राजश्व सुधार कार्ययोजना ....... २५
४.१ राजश्व सुधार कार्ययोजना ....... २५
४.२ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण ....... ३०
४.३ निष्कर्ष ....... ३५
४.४ सुझाव ....... ३६

परिच्छेद पाँचः राजस्व सुधार करदाता सर्भेक्षण विश्लेषण ....... ३८
५.१ सर्भेक्षण तथ्यांक विश्लेषण ....... ३८
५.२ निश्कर्ष ....... ४२
५.३ अन्य क्षेत्रगत सम्भावना, अवसर र चुनौतिहरू ....... ४२

अनुसूचीहरु ....... ४५

## तालिकाको सूची


तालिका१: नगरपालिकाको जनसंख्या विवरण ........ ६
तालिका २: राजश्व परामर्श समिति विवरण ........ ७
तालिका ३: नगरपालिकाको आय परिचालन ........ १०
तालिका ४: कालिका नगरपालिकाको वडागत राजस्व असुली विवरण ........ १२
तालिका ५: नगरपालिकाको यथार्थ आय विवरण ........ १३
तालिका ६: स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको राजश्व अधिकार ........ १४
तालिका ७: भूमिकर (मालपोत) सम्भावनाको गणना ........ १७
तालिका ८: सम्पत्ति कर सम्भावनाको गणना ........ १८
तालिका ९: घरबहाल कर सम्भावनाको गणना ........ १९
तालिका १०: व्यवसाय कर सम्भावनाको गणना ........ २०
तालिका ११: व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना ........ २२
तालिका १२: सिफारिस दस्तुर ........ २३
तालिका १३: नक्सा पास दस्तुरको सम्भावनाको गणना ........ २३
तालिका १४: राजश्व सुधार कार्ययोजना ........ २५
तालिका १५: आगामी तीन आर्थिक वर्षहरूका लागि आय प्रक्षेपण ........ ३०
तालिका १६: नगरपालिकाको आय संरचना ........ ३५

# परिच्छेद एकः परिचय

## २.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको बाँडफाँडको लागि संघ, प्रदेश र स्थानीय तह गरी तीन वटा तहको सरकारको अवधारणा ल्याएको छ । यी तीन तहका सरकारका बीचमा समन्वय र सहकार्यका आधारमा अघि बढ्ने गरी स्थानीय सरकारलाई २२ वटा एकल अधिकार प्रदान गरेको छ । यी अधिकारका अलावा संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्य गरी साझा अधिकारको परिपालना गर्नुपर्ने व्यवस्था पनि गरिएको छ । यीनै एकल तथा साझा अधिकारको प्रयोग गरी नगरपालिकाले बजेट सहितको वार्षिक तथा आवधिक योजना बनाउनुपर्नेछ । स्थानीय तहहरूको आय स्रोत संघिय सरकारवाट प्राप्त हुने अनुदानमा मात्र सिमित हुँदा जनआकाक्षा पुरा हुन सक्दैन । नगरपालिका संघिय सरकारको बजेटमा मात्र आश्रित नरही संविधानले दिएको अधिकारहरुको प्रभावकारी प्रयोग गरी राजश्वका क्षेत्रहरूको पहिचान गर्ने, विद्यमान करका दायरा तथा दरहरू परिमार्जन गर्नुपर्ने हुन्छ । यो राजश्व सुधार कार्ययोजना समय सापेक्ष करका दायरा तथा दरहरूमा हेरफेर गर्न केन्द्रित रहेको छ । यो योजना तीन वर्षका लागि बनाइएको छ र नगरपालिकाले आवश्यकता अनुसार परिमार्जन गर्दै लग्नेछ ।

नेपालको संविधान र प्रचलित कानूनले भंसार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत व्यक्तिगत आय कर, राहदानी शुल्क, पारिश्रमिक कर, भिसा शुल्क, पर्यटन दस्तुर लगाउने अधिकार संघीय सरकारलाई दिएको छ । यसै गरी कृषि आयमा लाग्ने कर प्रदेश सरकारलाई दिएको छ । स्थानीय सरकारलाई सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, मालपोत/भूमिकर लगाउने अधिकार दिएको छ । पर्यटन शुल्क, प्राकतिक स्रोतबाट प्राप्त रोयल्टी, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तीनवटै तहको साझा अधिकारको रूपमा दिएको छ । घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहेका छन । सम्पत्ति कर,घर जग्गा बहाल कर, व्यवसाय कर भुमिकर(मालपोत) लगाउने अधिकार स्थानीय तहलाई मात्र दिइएको छ । सबै तहले अधिकारको प्रयोग गर्दा कानुन बनाएर गर्नुपर्ने व्यवस्था छ । राजश्वको लागि कुनैपनि तहमा लिखित रूपमा उल्लेख नगरिएको विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

नेपाल संघीय गणतन्त्रामक संरचनामा प्रबेश गरेपछि स्थानीय तहहरु जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थापित भएका छन । निर्वाचित जनप्रतिनिधीहरूलाई जनताका आबश्यकता र चाहना पुरा गर्नुपर्ने दायित्व रहेको छ । यस अवस्थामा नगरपालिकाहरूले(स्थानीय सरकार) आफुमा भएको अधिकार प्रयोग गरी जनताको कर तिर्न सक्ने क्षमतालाई मध्य नजर गर्दै आन्तरिक आयका स्रोत पहिचान तथा परिचालन गरी आन्तरिक आयमा वृद्धि गर्दै लैजानु पर्दछ ।

प्राकृतिक स्रोत तथा वित्तिय आयोगको सिफारिसमा स्थानीय तहलाई संघिय तथा प्रदेश सरकारबाट अनुदान दिंदा वित्तीय आवश्यकता, खर्च गर्न सक्ने क्षमता तथा आन्तरिक आयका वृद्धि गर्ने क्षमताका आधारमा वित्तीय समानीकरण, शशर्त, समपुरक र विशेष अनुदान दिने व्यवस्था गरिएको छ । यसपरिप्रेच्क्ष्यमा नगरपालिकाको वित्तिय अवस्था सबल बनाउन सहयोग पुगोस भन्ने हेतुले राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan-RIAP)तयार परिएको हो । यस कार्य योजनाले नगरपालिकाको आन्तरिक आयमा वृद्धि भईवित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजश्वको सम्भाव्य स्रोतहरुको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ ।

## २.२ अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य कालिकानगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरूको विश्लेषण गरी प्रक्षेपण सहितको तीन वर्षे राजश्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्य प्राप्त गर्नकालागि देहाय अनुसारका विशिष्ट उद्देश्यहरुकोतय गरिएको छ।

१. स्थानीय तहको राजश्व सम्बन्धी अधिकारको बारेमा नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, शाखा प्रमुखहरू तथा राजश्व प्रशासनमा संलग्न कर्मचारीहरू,उद्योग वाणिज्य संघ तथा अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गराउने ।
२. नगरपालिकाको विगत तीन बर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
३. नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने सम्भावित स्रोतहरूको पहिचान गरी रणनीति सहितको आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।

## २.३ अध्ययन विधि तथा प्रक्रिया

राजश्व सुधार कार्ययोजना तर्जुमाका गर्नकालागि राजश्वसंग सम्बन्धितविविधसामग्रीहरूको अध्ययन,सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक प्रश्नावलीहरु, फारामहरू एवम चेकलिष्टहरुको निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाकालागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको छ । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### १.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

पहिलो चरणमा आन्तरिक राजश्व अध्ययन कार्यको लागि परामर्शदाता समुहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन तथा अध्ययनगरिएका छन । थियो । यस क्रममा अध्ययन गरिएको मुख्य सामग्रीहरू देहायअनुसार रहेका छन् :

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४
- नगरपालिकाको आ.व.०७७१०७८ को योजना,नीति बजेट तथा कार्यक्रम
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरूले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू

### १.३.२ तथ्याङ्क सूचना संकलन फारम तथा सूची विकास

नगरपालिकाको राजश्वको बर्तमान अवस्था र भविष्यको सम्भावना संग सम्बन्धित आवश्यक सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषणका आधारमा तथ्याङ्क तथा सूचना संकलनका लागि निम्न तीन किसिमका फारमहरुको विकास गरिएको थियो ।

(क) नगरपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना लिनका लागि अनुसुचि अनुसारको फारम र पदाधिकारीहरु सँगछलफलका लागि प्रश्नावली सुचितयार गरिएको थियो ।

ख) राजस्वका शिर्षकगत समुह छलफलका लागि आवश्यक सूचना सम्बन्धित फारमकोप्रयोग गरिएको थियो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएअनुसारका कर र गैरकरहरुको शिर्षकगत रुपमा वर्तमान समस्याहरु, संभावना, समाधानका लागि गर्नु पर्ने उपायहरु र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधीका बारेमा समुहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको थियो । आवश्यक आधारभूत र संस्थागत सूचना संकलनका लागि तयार गरिएका फारमहरु सम्बन्धित वडासचिव हरुलाई इमेल मार्फत उपलव्ध गरिएका थिए ।

(ग) मुख्य सूचनादाता (करदाता)सर्भेक्षण प्रश्नावली: मुख्य सूचनादातासँगको अन्तरवार्ता सम्बन्धी प्रश्नावलीको नमूनाअनुसूचीमा समावेस गरिएको छ । स्थानीय तहहरुको राजस्व परिचालनका सम्बन्धमा स्थानीय करदाताहरुको विचार तथा धारणा संकलन गर्ने उद्देश्यले यो प्रश्नावली प्रयोग गरि एम वाटर सर्भेयर मोवाइल एप्सको माध्यमवाट सुचनाहरुहरु संकलन गरिएको थियो ।

(घ) अन्य:कालिका नगरपालिकाका स्थाई वासिन्दाहरु हाल विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुमा व्यापार, उद्यमशिलता, पशु पक्षि एवम वाली नाली, शिक्षाक्षेत्रमा उच्च पदमा कार्यरत रहेका विज्ञहरुवाट पनि यस नगरपालिकाको राजश्वको सम्भावना, चुनौति र अवसरहरुका वारेमा विज्ञ धारणाहरु संकलन गरि विश्लेषण गरिएको थियो ।

### १.३.३ तथ्याङ्क सूचना संकलन

अध्ययनको क्रममा नगरपालिकाको सवै वडा कार्यालयहरु, र विभिन्न शाखाहरूबाट आवश्यक तथ्याङ्क एवम् सूचनाहरू संकलन गरिएको थियो । यस कार्यकालागि कार्यालयका सुचना तथा तथ्याङ्क अभिलेख, सरोकारवाला पक्षहरूसंगको छलफल,स्थलगत भ्रमण तथा अवलोकन आदि विधि अवलम्बन गरिएको थियो । यस क्रममा निम्नलिखित तथ्याङ्क एवम् सूचनाहरू संकलन गरिएको थियो ।

- कालिकानगरपालिकाबारे संक्षिप्त जानकारी
- वर्तमान राजश्वप्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजश्व असुली तथा भौतिक सुविधा आदि)
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- राजश्व परिचालनकालागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरू
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना (सम्बन्धित तथ्याङ्क, सरोकार पक्षहरूसंग छलफल, स्थलगत भ्रमण तथा अवलोकन)
- नगरपालिकाको आ.व.०७७।०७८ को योजना, नीति बजेट तथा कार्यक्रम

कालिकानगरपालिकामा २०७८जेष्ठ २५गते एक दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त कार्यशाला गोष्ठिनगरपालिकाका प्रमुख श्री खुमनारायण श्रेष्ठको अध्यक्षतामा भएको थियो, उप प्रमुख एवम एवम राजश्व परामर्श समितीको संयोजक लगायत कार्यपालिका सदस्यहरुको उपस्थिती रहेको उक्त कार्यक्रममा् प्रमुख प्रशासकिय अधिकृत श्री अच्युत राज रेग्मीले कार्यक्रमको उद्देश्यका बारेमा बताउनुभएको थियोभनेकार्यक्रमको सञ्चालन राजश्व शाखा प्रमुख श्री प्रकाश पौडेलले गर्नुभएको थियो । परामर्शदाताको तर्फबाटविज्ञको रुपमा त्रिभुवन विश्व विद्यालय व्यवस्थापन संकायका उप प्राध्यापकश्री महेश घिमिरेले कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया, राजश्व सम्बन्धी सैद्धान्तिक पक्षहरू, स्थानीय तहको राजश्व अधिकार तथा परिचालन सम्बन्धी व्यवस्था र प्रभावकारी राजश्व प्रशासन र त्यसका पक्षहरूका बारेमा प्रस्तुती दिनुभएको थियो ।

प्रस्तुतीकरण पश्चात सहभागीहरूलाई तपशिलमा उल्लेखित ४ वटा समुहमा विभाजन गरि समुहगत रुपमा राजश्वसुधार कार्ययोजनाको मस्यौदा तयार गर्नका निमीत्त हरेक २ वडाहरुको वडा अध्यक्ष ज्युहरुलाइ**अनुसुचि**बमोजिमको फारम भर्नका लागि प्रत्यक २ वडाका अध्यक्ष ज्युहरुलाई एक एक प्रति सुचना फारम वितरण गरिएको थियो ।

प्रस्तुतीका क्रममा विस्तृत छलफल गरि अन्य सहभागीहरूबाट आएका सुझावहरू संकलन गरि राजश्व सुधार कार्य योजनाको मस्यौदा प्रतिवेदन तयार गरिएको थियो । समुहगत अभ्यास पश्चात यस अध्ययनका लागि आवश्यक थप सूचना तथा तथ्याङ्कहरूका बारेमा छलफल गरिएको थियो ।

कार्यक्रमको समापन मन्तव्यनगरपालिकाप्रमुख श्री खुमनारायण श्रेष्ठको निर्देशनमा कार्यकम संचालक श्री प्रकाश चन्द्र पौडेलले दिनु भएको थियो । कार्यकमको विषय वस्तुहरु र नगरपालिकाका लागि अति आवश्यक र महत्वपूर्ण रहेको र यसले राजश्व परामर्श समिती,श्रोत अनुमान समिति, राजश्व प्रशासन, कार्यपालिकाका सदस्यहरुलाई राजश्व व्यवस्थापनको क्षेत्रमा यथेष्ठ विषयवस्तुहरुका बारेमा सुचना जानकारी प्रदान गर्न सफल भएकोजनाउनु भएको थियो । यस कममा राजश्व सुधार कार्य योजना तर्जुमा एवम सफल कार्यान्वयन गरि नगरपालिकाको राजश्व प्रशासन तथा परिचालन प्रभावकारी बनाउन नगरपालिका प्रतिबद्ध रहनेधारणा राख्दैकार्यशालागाष्ठि कार्यकमसमापन भएको घोषणा गर्नु भएको थियो ।कार्यकममा सहभागीहरूको उपस्थिति विवरण र कार्यक्रमका तस्विरहरू यस प्रतिवेदनको **अनुसूचीमा** प्रस्तुत गरिएको छ ।

## २.४ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी

नगरपालिकाको विभिन्न स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण तथा विभिन्न समूहमा गरिएको छलफलएवं प्रस्तुतीबाट प्राप्त सुझावहरूलाई समावेश गरि राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरिएको छ ।

## २.५ प्रतिवेदनको अन्तिम रूप

अध्ययनका क्रममा विभिन्न स्रोतबाट संकलित तथ्याङ्क तथा कार्यशाला गोष्ठीबाट प्राप्त सूझावका आधारमा तयार पारिएको मस्यौदा प्रतिवेदननगरपालिकाको राजश्व परामर्श समिति समक्ष राय सुक्षावका निमित्त पेश गरिएको थियो । राजश्व परामर्श समितिद्वारा प्राप्त सुझावलाई समावेश गरी नगरकार्यपालिकामा प्रस्तुत गरिएको रउक्त छलफलमा प्राप्त सुझाव र सल्लाहलाई समावेश गरी अन्तिम मस्यौदा प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनलाई कार्यपालिकाको बैठकबाट अन्तिम रूप प्रदान गरीसकेपछि नगरसभाबाट अनुमोदन गरि कार्यान्वयन गरिनेछ ।

## २.६ अध्ययनको सीमा

नगरपालिकाको राजश्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, आय र आय संम्भावना रहेका सार्वजनिक सम्पत्ति, संस्थागत अभिलेख सम्बन्धि प्रर्याप्त सुचनाको अभाव, सिमित समयका कारण र विश्व व्यापि महा व्याधिको कोरोना भएरस कोभिड १९ को दोश्रो लहरको कारण बैसाख ११ देखि भएको निषेधाज्ञाका कारण स्थलगत अवलोकन र कार्यशाला गोष्ठिहरु यथेष्ठ संख्यामा संचालन गर्न नसक्नु लगायत यस अध्ययनका देहाय बमोजिम सीमाहरू रहेका छन् :

- यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ । अध्ययन तथा विश्लेषण कार्य नगरपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको विद्युतिय एवम विभिन्न संचार माध्यमवाट हुने सुचना सम्प्रेषणका आधारमा सम्पन्न गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यकोलागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- नगरपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ । तथ्याङ्क संकलनकोलागि सबै वडाहरूको स्थलगत सर्भेक्षण कार्य गरिएको थियो ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन २०७४ ले दिएको राजश्व अधिकारको आधारमा राजश्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।
- स्थानीय तहको निर्वाचन भई निर्वाचित पदाधिकारीहरू पदस्थापना भईसकेको छ तर प्रदेश तहको राजश्व सम्बन्धी प्रदेश कानून तर्जुमा भएको छैन । संवैधानीक ब्यवस्था अनुरुपका उपरोक्त

व्यवस्थाहरूपुर्ण भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

- कोभिड महामारीको लकडाउनका कारण व्यापक सहभागिता सहितको कार्यशाला आयोजना गर्न नसकिएकाले सानो सानो समुहमा मात्रै समुह छलफल गरिएको छ ।

# परिच्छेद दुई : राजश्व परिचालनको वर्तमान अवस्था तथा पुनरावलोकन

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ फाल्गुण २७ गते स्थानीय तह लागु गर्ने निर्णयअनुसार साविककाजुटपानी, पदमपुर र शक्तीखोर र सिद्धि, गा.वि.सका सबै वडाहरूलाई समेटेर वि.सं.२०७३ सालमा कालिकानगरपालिका घोषणा भएको हो ।संघिय गणतान्त्रिक नेपालको बागमती प्रदेशको स्थित चितवनको पूर्वि उत्तर भागमा अवस्थित रहेको छ ।

समुद्र सतहबाट न्युनतम करीव २०० मिटरदेखि अधिकतम १९४० मिटरसम्मको उचाईमा रहेको कालिकानगरपालिका नगरपालिकामा समशितोष्ण प्रकारको हावापानी पाईन्छ । यस न्यूनतम तापक्रम५ डिग्री सेन्टिग्रेड र अधिकतम ३५ डिग्री सेन्टिग्रेड हुने यस पालिकामा वर्षा २८८९ मि.मि. सम्म हुने गरेको देखिन्छ । करिब २४ प्रतिशत मात्र खेतियोग्य जमिन रहेकोछ भने ७१ प्रतिशत भुभाग जंगलले ढाकिएको छ । करिब ०.२ प्रतिशत घांसेफांट, झाडी २.४ प्रतिशत, बांझो जमिन ०.९ प्रतिशत रहेको छ भने केवल ०.३ प्रतिशत मात्र जलसम्पदाले रहेको देखिन्छ ।

११ वटा वडाहरुमा विभाजन गरिएको यस नगरपालिकाको जम्मा क्षेत्रफल १४९.०८ वर्ग कि.मी. रहेको छ ।सदरमुकाम भरतपुरबाट ११ किमी र रत्ननगर बजारबाट ५ किमी दुरीमा अवस्थीत यस नगरपालिका हालका दिनहरुमा व्यवसायीक केरा खेतीको लगायत अन्य कृषि जन्य उद्यमशिलता तर्फ अग्रसर बन्दै गएको छ ।सिमाना हिसावलेपूर्वमा राप्तीनगरपालिका पश्चिममा भरतपुर महानगरपालिका, उत्तरमा ईच्छाकामना गाँउपालिका र दक्षिणमा रत्ननगरनगरपालिका र खैरहनी नगरपालिकारहेकाछन ।

जातिगत रुपमा यस नगर क्षेत्रमा बसोबास गर्ने पहाडी ब्राह्मण तथा क्षेत्री/सन्यासी/ठकुरी २९.४ प्रतिशत, पहाडी जनजाती ५१.८ प्रतिशत, थारु/मधेसी आदीबासी १३ प्रतिशत, पहाडी दलित ५.८ प्रतिशत र तराईका अन्य जातिहरु (यादब, साह, तेलि, ठाकुर) ०.१ प्रतिशत रहेको छ ।

### २.१.१ जनसंख्या तथा बसाईसराई

घरधुरी सर्भेक्षण २०७६ अनुसार यस नगरपालिकाको कुल जनसंख्या ५४,०९२ (महिला २६५८० र पुरुष २७५१२) र घरधुरी संख्या ११,१२० रहेको छ । यस नगरपालिकामा महिलाको जनसंख्या भन्दा पुरुषको जनसंख्या ९३२ जनाले बढि रहेका छ ।लैङ्गिक अनुपात १०३.५ रहेको छ भने औसत परिवार संख्या ४.९ रहेको छ जनघनत्व ३६२.८४ प्रतिवर्ग कि.मी. रहेको छ । जनसंख्याको उमेर समूह अनुसार तथ्याङ्क बिश्लेषण गर्दा ५ वर्ष भन्दा कम उमेर समूहमा ७.३ प्रतिशत, ७० वर्ष भन्दा माथि उमेर समूहमा ४.१ प्रतिशत र सबै भन्दा धेरै जनसंख्या रहेको १५-२९ वर्ष भित्रमा रहेका उमेर समूहहरु झण्डै ८६.५ प्रतिशतछन् । सबै भन्दा कम जनसंख्या रहेको उमेर समूह ६५- ६९ मा २.३ प्रतिशत रहेको छ ।

**तालिका १: नगरपालिकाको जनसंख्या विवरण**

| वडा नं. | कुल जनसंख्या | महिला | पुरुष | घरधुरी संख्या | कुल जनसंख्या प्रतिशत | घरधुरी प्रतिशत | औषत परिवार संख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३९४२ | १९४६ | १९९६ | ८२६ | ७.२९ | ७.४३ | ४.७७ | १.०२ |
| २ | ५४७६ | २७५३ | २७२३ | १०९३ | १०.१२ | ९.८३ | ५.०१ | ०.९८९ |
| ३ | ६६६४ | ३२७० | ३३९४ | १४४६ | १२.३२ | १३ | ४.६१ | १.०३ |
| ४ | ३६७० | १८२९ | १८४१ | ८१५ | ६.७८ | ७.३३ | ४.५ | १.० |
| ५ | ४९६३ | २४३३ | २५३० | १०३२ | ९.१८ | ९.२८ | ४.८१ | १.०४ |
| ६ | ७५६८ | ३६१९ | ३९४९ | १५७७ | १३.९९ | १४.१८ | ४.८ | १.०९ |

| वडा नं. | कुल जनसंख्या | महिला | पुरुष | घरधुरी संख्या | कुल जनसंख्या प्रतिशत | घरधुरी प्रतिशत | औषत परिवार संख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ५७२७ | २८४९ | २८७८ | १२०८ | १०.५९ | १०.८६ | ४.७४ | १.०१ |
| ८ | ६८७१ | ३३४९ | ३५२२ | १४२३ | १२.७ | १२.८ | ४.८३ | १.०५ |
| ९ | ४५९१ | २२२० | २३७१ | ८७२ | ८.४९ | ७.८४ | ५.२६ | १.०६ |
| १० | २५३५ | १२६५ | १२७० | ५०१ | ४.६९ | ४.५१ | ५.०६ | १.० |
| ११ | २०८५ | १०४७ | १०३८ | ३२७ | ३.८५ | २.९४ | ६.३८ | ०.९९ |
| जम्मा | ५४०९२ | २६५८० | २७५१२ | ११११२० | १०० | १०० | ४.८६ | १.०३५ |

यस नगरपालिकामा १० वर्ष भित्रमा ८.९ प्रतिशत जनसंख्या अन्यत्रबाट बसाई सरेर आएका छन,वसाई सरेर आएका मध्ये सबै भन्दा बढि जनसंख्या वडा नम्बर ३ मा रहेको छ ।जनसांख्यीकीको यो आंकडा अनुसार सवै भन्दा धेरै जनसंख्या र घर धुरी वडा नं ६ मा रहेका छन भने वडा नं ११ दुवै हिसावले सवै भन्दा कम रहेको छ । राजश्व सम्भावनको हिसावले अत्यान्त उच्च संख्यामा रहेको युवा जनसंख्यालाई उद्यमशिलता तर्फ अभिमुखिकरण र उत्प्रेरित गर्न सके नगरमा आर्थिक सामाजिक विकासको लहर संगै व्यावासय कर, बहाल कर, विज्ञापन कर, लगायत अन्य कर एवम गैर कर राजश्वका क्षेत्र हरु विस्तारित हुदै स्थाई र दिगो आन्तरिक आयको आधार बन्न सक्ने प्रवल सम्भावना रहेको छ ।

## २.२ राजश्व शाखा तथा राजश्व प्रशासन

नगरपालिकाको संगठन स्वरुप हेर्दा राजस्व असुलीका लागि राजस्व उपशाखा स्थापना गरी नगरपालिकाले आफ्ना दैनिक प्रशासनिक कामकाजहरु संचालन गरिरहेको देखिन्छ । व्यक्तिगत प्रयोजनका लागि बनाईएको घर भाडामा लिई कार्यालय प्रयोजनका निमित्त प्रयोग भएकाले शाखाहरु र कार्यलय प्रशासन मैत्री देखिदैन। आगामि वर्ष कार्यालय संचालन गर्न सकिने गरि नगरपालिकाको आफ्नै भवन रेडक्रस ग्राममा निमार्णाधिन अवस्थामा रहेकोले आगामि वर्षहरुमा कार्यालय संचालनका लागि कोठा तथा स्थान अभाव नहुने देखिन्छ ।नगरपालिकाले राजश्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितका) प्रयोग गर्ने गरेको छ ।निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमि कर लगायतका शिर्षकमा असुल हुने राजश्व वडा कार्यालयबाटै संकलन गर्ने व्यवस्था रहेको छ । दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास लगायतका सेवा नगरपालिका कार्यालयबाटै हुने गरेको छ ।

### २.२.१ राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

नगरपालिकाको धेरैजसो आम्दानीका शिर्षकहरुमा वडा कार्यालयहरूबाट राजस्व संकलन गर्ने गरिएको छ । नगरपालिकामा राजश्व संकलनका लागि छुट्टै उपशाखा गठन गरी शाखा अधिकृत श्री प्रकाश चन्द्र पौडेललाईराजश्व शाखा प्रमुखको जिम्मेवारी दिइएको छ । राजस्व शाखाको कामकाज सहजिकरण र सेवा प्रवाहका लागि सहायक स्तरका अन्य २ जना कर्मचारीहरु रहेका छन् ।

### २.२.२ राजश्वपरामर्श समिति

नगर कार्यपालिकामा उप प्रमुखको संयोजकत्वमा कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिृकत, राजस्व शाखाको प्रमुख, स्थानीय उद्योग संघ, बजार व्यवस्थापन समिति सम्मिलित७ सदस्यीय राजश्व परामर्श समिति गठन गरिएको छ र नगर सभाको बखत बहायक सिमित संख्यामा मात्रबैठकहरु बस्ने गरेको देखिन्छ । राजश्व परामर्श समितिको संरचानालाई तालिका १ अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका २:राजश्व परामर्श समितिविवरण**

| क.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | श्री कमला भट्टराई | उप प्रमुख | संयोजक |
| २ | श्री अच्युत राज रेग्मी | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

| क.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| ३ | श्री टिका राज रिजाल | वडा अध्यक्ष | सदस्य |
| ४ | श्री दुर्गा सुवेदी | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री प्रकाश भट्टराई | कालिका उद्योग संघ, अध्यक्ष | सदस्य |
| ६ | श्री हरि भण्डारी | बजार व्यवस्था समिति, अध्यक्ष | सचिब |
| ७ | श्री प्रकाश चन्द्र पौडेल | राजश्व शाखा प्रमुख | सदस्य सचिव |

### २.२.३ राजश्व परिचालन नीतिहरु

यस नगरपालिकाले राजश्व परिचालन तथा व्यवस्थापनका लागि छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजश्व परिचालनका लागि यस नगरपालिकाले निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको देखिन्छ ।

१. नगरपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मीतव्ययी तथा पारदर्शी बनाउनकालागि एकीकृत सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिनेछ ।

२. तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।

३. नगर क्षेत्र भित्र रहेका सार्वजानिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइनेछ ।

४. नगरपालिकाको आर्थिक क्षमता बढाउनकालागि नगर क्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति लिइनेछ ।

५. नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई नगरपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

### २.२.४ सार्वजनिक वित्त आयका सम्भावित नीतिहरू

१. प्राकृतिक श्रोत तर्फ बनजन्य नदिजन्य पदार्थको विक्रि गर्ने
२. नगर क्षेत्रको सार्वजनिक ऐलानी नदी उकास तथा पर्ती जग्गाको खोजी र उपयोग गर्ने
३. सार्वजनिक सम्पत्ति विद्यालयहरु एक आपसमा गाभीएका भए सो समेतको उपयोग गर्ने
४. गाउँपालिकाबाट नगरपालिका हुँदा साविकका गाउँ विकास समितीका सम्पत्तीहरु जस्तै मोटरसाइकल कम्प्युटर बैक तथा नगद लगायतका सम्पत्तिहरु अभिलेखाँकन तथा उपयोग हुन सक्ने
५. साजश्व बाँडफाँड बाट प्राप्त र अन्य दस्तुरहरु तर मालपोत घरजग्गा कर सिफारिस दस्तुर जस्ता जनतालाइ प्रत्यक्ष असर पर्ने क्षेत्रमा बृद्धि गराइनु हुदैन ।
६. नगर क्षेत्रमा साप्ताहिक अर्ध साप्ताहिक वा दैनिक हाट वजार भए सो बाट आय आर्जन हुन सक्ने
७. नक्शा पास र घरजग्गा नक्शाँकनको कार्य नभएको भए व्यवस्थित गराइ घरजग्गा कर सकलन हुन सक्ने
८. नगरपालिका आफैले निर्माण गरेको सडकमा सडक दस्तुर उठाउन सक्ने
९. आयका अन्य श्रोतहरु स्थानीय सरकार सन्चालन ऐन २०७४ मा उल्लेख छन् त्यसलाइ विश्लेषण गर्न सकिन्छ ।

### २.२.५ व्यवस्थापन नियन्त्रण वित्तीय अनुशासन र पारदर्शिता

१. प्रमुख प्रशासकिय अधिकृतलाइ नगरपालिका क्षेत्र भित्र नै बस्ने व्यवस्था मिलाउने
२. बजेट पारित भए पश्चात योजना कार्यान्वयन तथा आर्थिक कारोबारमा कार्यापालिका लगायतबाट हस्तक्षेप वा दवाव दिने कार्य गर्न नहुने

३. नदिजन्य पदार्थलगायतको आय ठेक्का e–tender गराउने तथा सार्वजनिक निर्माण तथा खरिदका सवै ठेक्का PPMO को माध्यमबाट e–tenderगराउने
४. वडा कार्यालयबाट सकलित राजश्वको रसिद कम्प्युटरको माध्यमबाट Online प्रविधि अपनाइ नपा राजश्व शाखाबाट अनुगमन तथा भेरिफिकेशन गर्ने व्यवस्था मिलाउनु पर्ने
५. SUTRA= RMIS तथा आन्तरिक आय व्यवस्थापन सम्बन्धि Application हरुको प्रभावकारी प्रयोग गर्ने
६. करार अस्थायी तथा मासिक ज्यालादारीमा प्रशासनिक कर्मचारीहरु राख्ने कार्य निरूत्साहित गरी न्यूनतम सङ्ख्यामा मात्र प्राविधिक कर्मचारी राख्ने
७. कार्यालयका कर्मचारीबाट गराउन सकिने कार्यहरु कर्मचारीबाट नै गराइनु पर्ने
८. सार्वजनिक खरिद ऐन तथा नियमावली आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली अनुशरण गर्ने

## २.२.६ राजस्व प्रशासनमा सुधार गर्नुपर्ने पक्षहरू

कालिका नगरपालिकाले राजश्व प्रशासनसंग सम्बन्धित देहाय बमोजिमको सवालहरुमा प्रयाप्त सुधार गर्नुपर्ने देखिन्छ ।

१. नगरपालिकाको संगठन संरचनामा राजश्व शाखा गठन भइसकेको छ । अनलाईन मार्फत राजश्व सम्बन्धी संकलन र अभिलेख राख्ने कार्य भई रहेको छ । प्रर्याप्त स्थानसहितको कोठाको व्यवस्थापन गरी आवश्यक दक्ष कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरि आवश्यक तालिम सहित राजश्व प्रशासन प्रणाली सुदृढ गर्न आवश्यक देखिन्छ ।

२. नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखांकन, संरक्षण,प्रर्वदन र विकास गरी पर्यटकीय गन्तव्यको रुपमा विकसित गर्दै कर एवम राजश्वको श्रोतमा वृद्धि गर्न आवश्यके देखिन्छ । नगरपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरूको पहिचान गरी नगरपालिकाको अधिनमा रहने प्रवन्ध मिलाइ ती जग्गाहरूलाई विभिन्न ढङ्गले उपयोग गरी आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।भुउपयोग नीति तय गरि आवश्यक नीतिगत व्यवस्था गर्न आवश्यक देखिन्छ ।

३. भुउपयोग नीति तर्जुमागर्ने रनगरस्तरिय कृषि गुरुयोजना तर्जुमा गरि व्यावसायिक कृषिको सम्भावना यकिन एवम व्यवस्थापन गर्ने तर्फ लाग्नु पर्ने देखिन्छ ।

४. प्रसस्त पर्यटकिय सम्भावना बोकेका प्राकृतिक भौतिक संरचनाहरु ( कालिका मन्दिर परिसर, उपरदाङ गढी,चित्राम, गैरिवारी र सिन्ती झरना, प्रजा चेपांग संग्राहलय र सिराइचुलीजस्ता मनोरम, भिमवली पर्यटकिय पार्क, थागंखोला भ्युटावर, उदयपुर सामुदायिक पार्क, टुडिखेल र ऐतिहासिक स्थलहरु) पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नकालागि पर्यटन बोर्ड र नीजि क्षेत्र संग समन्वय गरी पर्यटकीय गुरुयोजना तयार पार्ने

५. नगरपालिकामा उद्योग वाणिज्य संघ अविलम्व गठन गर्न पर्ने देखिन्छ , हाल बजार व्यवसायीहरूसंग सहकार्य गरी व्यवसाय दर्ता गर्ने प्रकृया थालनी गर्ने रअन्य सरोकारवालसंग छलफल एवं सहकार्य गरी कर सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्न आवश्यक देखिन्छ ।

६. सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम प्रभावकारी ढंगले संचालन गरि कर चुहावटलाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ ।

७. करको सम्भावना भएका शिर्षकमा करको दर निर्धारण नभएको र भविष्यमा असुल हुन सक्ने क्षेत्रमा दर निर्धारण भएको देखिएकोले करको दायरा तथा दरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने देखिन्छ ।

८. राजश्व शाखाको प्रशासनीक क्षामता वद्धि गरि प्रभावकारी ढंगले कियाशिल गराउन,श्रोत अनुमान समिति र राजश्व परामर्श समितीको भुमीका अझ बढी प्रभावकारी गराउन आवश्यक देखिन्छ ।

९. नगरपालिका संग दीर्घकालिन द्रिष्टीकोण, खास अभियान, योजना र कार्य योजना अपर्याप्त रहेकाले नीति निर्माण र योजनाहरु तयार गर्न आवश्यक खण्डिकृत तथ्यांक एवम सुचनाहरु र संस्थागत अभिलेख हरु अपर्याप्त छन, यसका लागि नगरपालिकाको  तथ्यांक, सुचना तथा अभिलेख प्रणाली व्यवस्थित एवम प्रभावकारीबनाउन आवश्यक देखिन्छ ।

## २.३ नगरपालिकाको आय समिक्षा

यस नगरपालिकाले विगतका तीन आर्थिक वर्षहरूमा प्राप्त गरेको आय तथा स्रोत परिचालनको अवस्था, आन्तरिक तथा वाह्य स्रोतबाट संकलित आय, आयको संरचना तथा आयको औसत वृद्धिदर आदिको समीक्षा तथा विश्लेषण यस खण्डमा प्रस्तुत गरिएको छ ।

### २.३.१ आन्तरिक आय परिचालन

नगरपालिकाको आन्तरिक आय परिचालनको बारेमा निर्क्यौल गर्न नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकालाई प्राप्तराजश्व अधिकारका शिर्षकहरूको परिचालन कसरी गरिएको छ जान्नु उपयुक्त हुन्छ । नगरपालिकाले उपरोक्त राजश्व शिर्षकहरू मध्ये असुली गरिरहेको, संकलनकालागि निर्णय मात्र गरेको र सम्भावना भएको यथार्थ अवस्थाको बारेमा छलफलबाट प्राप्तनगरपालिकाको आय परिचालनको अवस्थालाई तालिका २ अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ३:नगरपालिकाको आय परिचालन**

| क्र. सं | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क.** | **कर राजश्व तर्फ** | | | |
| १ | सम्पत्तिमा आधारित कर – घर जग्गा तथा मालपोत वा भूमिकर | भएको | भएको | भएको |
| २ | सम्पत्तीमा आधारीत कर एकिकृत सम्पत्ति कर | सम्भावना भएको | भएको | भएको |
| | पटके सवारी कर | भएको | नभएको | नभएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | सम्भावना भएको | नभएको | नभएको |
| ४ | सवारी दर्ता तथा वार्षिक सवारी कर | भएको | नभएको | नभएको |
| ५ | घर जग्गा बहाल कर | सम्भावना भएको | भएको | भएको |
| ६ | व्यवसाय कर | सम्भावना भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | सम्भावना भएको | नभएको | भएको |
| ८ | मनोरञ्जन कर | सम्भावना भएको | नभएको | भएको |
| ९ | व्यावसायिक भिडियो कर | सम्भावना भएको | नभएको | भएको |
| १० | घर जग्गा रजिष्ट्रेशन शुल्क | सम्भावना भएको | भएको | भएको |
| ११ | जडिबुटी, कवाडी र जिवजन्तु कर | सम्भावना भएको | नभएको | भएको |
| **ख.** | **गैर कर राजश्व** | | | |
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | ढुङ्गा, गिट्टी, वालुवाको टेण्डर प्रकृया मार्फत ठेक्का मार्फत हुने गरेकोमा हाल टेण्डर नगरिएको तर चोरी निकाशी भने भईरहेको | भएको | भएको |
| २ | नक्सापास दस्तुर | सम्भावना भएको | भएको | भएको |

| क्र.सं | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| ३ | व्यक्तिगत घटना दर्ता शुल्क | सम्भावना भएको | भएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | सम्भावना भएको | भएको | भएको |
| ५ | पार्किङ्ग शुल्क | सम्भावना भएको | नभएको | नभएको |
| ६ | अस्पताल संचालन | सम्भावना भएको | भएको | भएको |
| ७ | फोहरमैला व्यवस्थापन शुल्क | सम्भावना भएको | नभएको | नभएको |
| ८ | स्थानीय खानेपानी महसुल | सम्भावना भएको | नभएको | नभएको |
| ९ | स्थानीय विद्युत महसुल | सम्भावना नभएको | नभएको | नभएको |
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | आशिंक सम्भावना भएको | नभएको | नभएको |
| ११ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | सम्भावना भएको | भएको | भएको |
| १२ | मूल्यांकन सेवा शुल्क | सम्भावना भएको | भएको | भएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | सम्भावना भएको | भएको | भएको |
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | सम्भावना भएको | भएको | भएको |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १६ | दण्ड जरिवाना | भएको | भएको | भएको |

स्रोतः शाखागत छलफलको आधारमा

## २.३.२ नगरपालिकाको यथार्थ आय विवरण

आन्तरिक श्रोत, राजश्व बांडफांट, अन्तर सरकारी अनुदान, अघिल्लो वर्षको नगद तथा बैंक मौज्दात र जनसहभागिता लगायतका श्रोतहरु नगरपालिकाको खर्च बजेटका आधारहरु हुन । नया स्थापना भएको नगरपालिकार सीमित प्राकृतिक श्रोतहरु र न्युन संख्यामा रहेका उद्योग व्यापारको कारण नगरपालिकाले आन्तरिक आयको क्षेत्र र आकारलाई वृद्धि गर्न सकेको छैन । बिशेषत सुशासनका बारेमान्युन सचेतनाकाको स्तरको कारण स्थानीय सरकार संचालन ऐनको अनुपालनामा गम्भिर कम्जोरिहरु देखिन्छ ।स्थापनाको चौथो वर्षसम्म पनि नगरपालिका संग नीतिगत तथा रणनैतिक क्षेत्रका आधारभुत दस्तावेजहरु आवधिक योजना, राजश्व सुधार कार्य योजना, संगठन तथा व्यवस्थापन अध्ययन सर्भेक्षण, मध्यकालिन खर्च योजना, सामाजिक लेखापरिक्षण, क्षेत्रगत गुरुयोजना तर्जुमा गरिएका छैनन । खर्च प्रणालीलाई बिश्वसनिय, पारदर्शि र जवाफदेहि बनाउनका लागि अनिवार्य गठन गर्न पर्ने लेखा समिती समेत गठन नहुदा श्रोतहरुको उपयोगमा सार्वजनिक वित्त व्यवस्थापनको कम्जोर

अभ्यास रहेको देखिन्छ । कम्जोर अभिलेख एवम सुचना प्रणाली,श्रोत साधनहरुको अवस्थिती बारेमा खण्डिकृत तथ्यांकहरुको अभाव यस नगरपालिकाको प्रमुख कम्जोरी हरु हुन । हरेक वर्ष चालु आम्दानीको तुलनामा चालु खर्च बढेर जानु तर सोहि तवरले आन्तरिक आम्दानी भने बढाउन नसक्नु, नया कर राजश्वका क्षेत्रहरुको पहिचना गर्न नसक्नु, दायरा विस्तार गर्न नसक्नु, सम्भावना रहेका क्षेत्रलाई उपयोगमा ल्याउन नसक्नु जस्ता कारणहरुले गर्दा नगरपालिका आन्तरिक आयलाई मज्बुत गराउन असमर्थ देखिएको छ ।

## क. वडागत गत राजस्व असुलीको अवस्था

कालिका नगरपालिकाको राजस्व शाखाका अनुसार ११ वटा वडाहरुले आव २०७६।७७ र चालु वर्षको प्रतिवेदन तयार गर्दाको मितिसम्म (१० महिनाको मात्र) संकलन गरेको राजस्व विवरणलाई घरधुरी संख्या र जनसंख्याको आधारमा विश्लेषण गरि तालिक ३ अनुसार प्रस्तुत गरिएको छ

**तालिका ४:कालिका नगरपालिकाको वडागत राजस्व असुली विवरण**

| वडाहरु | वर्ष | | घर धुरी | जनसंख्या | २०७६/७७ | | २०७७/७८ | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | | | प्रति व्यक्ति | प्रति घर धुरी | प्रति व्यक्ति | प्रति घर धुरी |
| १ | ६४०१२० | ६३२५५० | ८२६ | ३९४२ | १६२.४ | ७७५ | १६०.५ | ७६५.८ |
| २ | ८३५३२४ | ९०२५०६ | १०९३ | ५४७६ | १५२.५ | ७६४.२ | १६४.८ | ८२५.७ |
| ३ | ७१८८५१ | १६१३२७३ | १४४६ | ६६६४ | १०७.९ | ४९७.१ | २४२.१ | १११६ |
| ४ | ४९२२९५ | ४६१३७५ | ८१५ | ३६७० | १३४.१ | ६०४ | १२५.७ | ५६६.१ |
| ५ | ५५६३८३ | ६९८६५० | १०३२ | ४९६३ | ११२.१ | ५३९.१ | १४०.८ | ६७७ |
| ६ | ११९५१३९ | १२३०१२९ | १५७७ | ७५६८ | १५७.९ | ७५७.९ | १६२.५ | ७८० |
| ७ | ५१९९०० | २१२०२०० | १२०८ | ५७२७ | ९०.७८ | ४३०.४ | ३७०.२ | १७५५ |
| ८ | ६९२०० | २५२३९५० | १४२३ | ६८७१ | १०.०७ | ४८.६३ | ३६७.३ | १७७४ |
| ९ | ४२३०४७ | ६४६९५० | ८७२ | ४५९१ | ९२.१५ | ४८५.१ | १४०.९ | ७४१.९ |
| १० | १४१४०० | ४७०००० | ५०१ | २५३५ | ५५.७८ | २८२.२ | १८५.४ | ९३८.१ |
| ११ | ६४९५० | १८३२५० | ३२७ | २०८५ | ३१.१५ | १९८.६ | ८७.८९ | ५६०.४ |
| **जम्मा** | **५६५६६०९** | **११४८२८३३** | **१११२०** | **५४०९२** | **१०४.६** | **५०८.७** | **२१२.३** | **१०३३** |

श्रोत कालिका नगरपालिका

माथीको तालिकामा प्रस्तुत गरिए अनुसार नपाको वडाहरुले आव २०७६।७७ मा संलन गरेको राजश्व भन्दा चालु आव को प्रतिवेदन तयारपार्दाको दिन सम्मको राजश्व रकम झण्डै २ गुण भन्दा बढी देखिएको छ । यसो हुनाको कारण चालु आव भुमि वितरण आयोगमार्फत जग्गा वितरणका लागि गरिएको फारम विक्री र सिफारिस दस्तुर वापत ठुलो मात्रमा संकलित शुल्क एवम दस्तुर गैरकर राजश्व रकम बढी भएकाले हो । आगामि वर्षहरुमा यस प्रकारको आय त्यति नै अनुपातमा बढोत्तरी भएर जाने सम्भावना भने रहेको देखिदैन ।

सामान्यत वडागत राजश्व संकलनका हिसावल वडा नं ६ सवै भन्दा धेरै राजश्व संकलनको सम्भावना बोकेको वडा हो, भने सबै भन्दा कम सम्भावना रहेको वडा ११ रहेको छ । गत आवमा र चालु आवमा प्रति व्यक्ति १०५ र २१२ राजश्व संकलन भएको छ भने प्रति घर धुरी ५०९ र १०३३ राजश्व संकलन भएको देखिन्छ । हरेक वडाहरुको प्राकृतिक श्रोत र भौतिक संरचानहरुको व्यवस्थित अभिलेख राख्ने र ती अभिलेख लगायत अन्य सुचनाहरुको आधारमा रणनैतिक योजना तथा कार्यक्रमहरु मार्फत हरेक वडाहरुलाई आन्तरिक आय बढोत्तरीको दिशामा अघि बढाउन आवश्यक देखिन्छ ।

## ख. नगरपालिकाको आय व्याय विवरण

न्युनतम श्रोत र साधनहरु, परम्परागत प्रशासनिक संरचना, सांघुरो सोच चिन्तन, र श्रोत उपयोग गर्न सक्ने व्यवस्थापकिय क्षामताको अभाव जस्ता कयौ कारणहरुले गर्दा नेपालका स्थानीय सरकारहरु आफ्नै श्रोतवाट चालु खर्च व्यवस्थापन गर्न सक्षम रहेको पाईदैन । यस यथार्थवाट कालिका नगपालिका पनि अपवाद हुन सकेको छैन । नगरपालिकाको आफनै श्रोतवाट प्राप्त हुन सक्ने, राजश्व वाडफांट वापत प्राप्त हुन सक्ने, हस्तान्तरण वापत प्राप्त हुन सक्ने, र वेरुजु फर्छ्यौट, जन सहभागिता र गत वर्षे नगद एवम बैंक मोज्दात को प्रस्तावित र वास्तविक विवरणलाई अनुसुचिमा र यथार्थ विवरणलाई भने तालिका ५ अनुसार प्रस्तुत गरिएको छ (विगत २ वर्ष र चालु आव को अध्ययन अवधिसम्मको नगरपालिकाको यथार्थ आय विवरण मात्र) ।

**तालिका ५:नगरपालिकाको यथार्थ आय विवरण**

| **विवरण** | २०७५/७६ | २०७६/७७ | २०७७/७८*** |
|---|---|---|---|
| आन्तरिक आम्दानी | २५११०७४५ | १८५४९३२९ | २२७९०८६५ |
| प्रशासनिक खर्च चालु | २४४७४८३५८ | २७४८४३२९५ | २६१२२८१७८ |
| **आन्तरिक आय र चालु खर्च प्रतिशत** | १० | ७ | ९ |
| लागत सहभागिता | | १६२०१०९५ | ४०००० |
| जिविस अनुदान चालु | | ३०६६०००० | |
| प्रदेश वाट वाडफांट भई आउने | ४८५५८९३४.६३ | ३१९९५९८८ | ४१६९० |
| नगद मौज्दात | ५८७८१९९२.९२ | १६३३२४४२३ | ३०८३४३९५०.९ |
| बेरुजु | १५३९१६० | ६७०० | ० |
| अन्तर सरकारी हस्तान्तरण | ३७५७४४३८७ | ४९६६०४६४० | ३१५४५९६५४ |
| आन्तरिक श्रोत  र अनुदान प्रतिशत | १६.७२ | ११.४१ | ७.४ |
| राजश्व वांडफांट | ११०३७०७९० | १४२३०९९५२ | ११३४१९८८७.२ |
| **कुल आय** | **६२०१०६००९.६** | **८६८९९२१२७** | **७६००९६०४७** |
| कुल आय मा आन्तरिक आय प्रतिशत | १०.१३ | ६.६५ | ३.०७ |

माथि तालिकामा प्रस्तुत गरिए अनुसार नगरपालिकाले अघिल्ला २ आर्थिक वर्षहरुमा आन्तरिक श्रोत तर्फ २ करोड ५१ लाख र १ करोड ८५ लाख आन्तरिक आय आर्जन गरेको छ भने चालु आव को जेष्ठ महिनाको तथ्यांक अनुसार २ करोड २८ लाख मात्र आय संकलन भएको छ । सोही वर्षहरुको प्रशासनिक खर्च चालु तर्फ भने क्रमश, २४ करोड ४७ लाख, २७ करोड ४८ लाख र २६ करोड १२ लाख भएको देखिन्छ । यस प्रकार आन्तरिक आय प्रशासनिक खर्चको २६, २१ र ९ प्रतिशत रहेको देखिन्छ । हरेक वर्ष प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको हिस्सा कम हुदै जानुले नगरपालिकाको राजश्व व्यवस्थापन प्रभावकारी हुन नसकेको संकेत गर्दछ । त्यसै गरि आन्तरिक आय र हस्तान्तरण वापत प्राप्त भएको अनुदान पनि १७, ११ र चालु आवको प्रतिवेदन मिती सम्मको तथ्यांकको अधारमा झण्डै ७ प्रतिशतको हाराहारीमा मात्र आईपुगेको छ । स्पष्टत अन्तर सरकारी केन्द्रिय अनुदान हरेक वर्ष कम गर्दै केन्द्र प्रतिको वित्तीय  निर्भरता कम गर्ने सरकारी नीति रहेको छ तर वास्तविकता भने त्यसको अनुकुल भई रहेको देखिदैन। समिक्षा गरिएका आवहरुमा  कुल आयमा आन्तरिक आयको योगदान लाई हेर्ने हो भने पनि  १० प्रतिशत वाट ७ हुदै ३ प्रतिशतमा क्रमस घटेर गएको देखिन्छ । यस प्रकार खर्च धान्न नसक्नु, निर्भरता बढेर जानु, नगरपालिकाको वित्त व्यस्थापनमा भएका कमि कम्जोरिहरुको कारणले गर्दा हुने गर्दछ । श्रोतहरुको उपर्युक्त खोजि एवम उपयोग हुन नसक्नु, गरिएका उपयोगहरु उपलब्धि विहिन हुनु, वित्तीय अनुशासनको उलंघनहरु आदी यस्तो अवस्थाका कारक हुन सक्दछन ।(यस सम्बन्धि थप विस्तृत विवरण **अनुसूचिमा** समावेश गरिएको छ) ।

# परिच्छेद तीन : आन्तरिक आयसम्भावना विश्लेषण

यस परिच्छेदमास्थानीय सरकार सञ्चालन ऐन २०७४तथा नेपालको संविधान २०७२ अनुसार स्थानीय तहलाई प्राप्त राजश्वसम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा नगरपालिकाको आफ्नो क्षेत्राधिकार तर्फको राजश्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शिर्षकगतरुपमा विश्लेषण गरिएको छ ।

## ३.१ नगरपालिकाको राजश्वअधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था

नेपालको संविधान२०७२ ले नगरपालिकालगायतका स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ ।संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई प्राप्त राजश्व अधिकारकाक्षेत्रहरु यसप्रकार छन् ।

**तालिका ६:स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको राजश्व अधिकार**

| राजश्वका शिर्षक | कानुनी प्रावधान |
|---|---|
| कर | ▪ एकिकृत सम्पत्ति कर वा घर जग्गा कर<br>▪ भूमि कर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र<br>▪ घर जग्गा बहाल कर<br>▪ व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा<br>▪ सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)<br>▪ जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत |
| शुल्क | ▪ बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत<br>▪ पार्किङ्ग शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । |
| सेवा शुल्क | ▪ आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा<br>▪ आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा :<br>- खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि<br>▪ अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क<br>▪ सिफारिस सम्बन्धी कुनै सेवा शुल्क |
| दस्तुर | ▪ दर्ता, अनुमति तथा नवीकरण दस्तुर:<br>- एफ.एम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग<br>- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन र उपयोग<br>▪ नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)<br>▪ पंजिकरण ब्यवस्थापन दस्तुर<br>▪ वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत<br>▪ जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर |
| वस्तु तथा सेवा विक्री | ▪ ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर |
| संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा | ▪ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>▪ खनिज पदार्थको उत्खनन रोयल्टी |

| राजश्वका शिर्षक | कानुनी प्रावधान |
|---|---|
| प्राप्त हुने | ▪ सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी<br>▪ पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी<br>▪ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>▪ खनिज पदार्थको उत्खनन रोयल्टी<br>▪ सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी<br>▪ पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी<br>▪ खानेपानी महसुल<br>▪ स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क<br>▪ स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार व्यवस्थापन<br>▪ जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति<br>▪ स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण<br>▪ इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण<br>▪ स्थानीय तहका पत्रपत्रिकाको दर्ता |
| स्थानीय तहमा संकलन भई बाँडफाँड हुने | ▪ बिज्ञापन कर: स्थानीय तहले दर निर्धारण र संकलन गर्ने<br>▪ मनोरञ्जन कर: स्थानीय तहले संकलन गर्ने (दर र संकलन विधि प्रदेशले निर्धारण गर्ने)<br>▪ घर जग्गा रजिष्ट्रेशन शुल्क : स्थानीय तहले संकलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने )<br>▪ उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र संकलन स्थानीय तहले गर्ने<br>▪ ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गर्ने। |
| प्रदेश तहबाट संकलन भई वाँडफाँड हुने | ▪ सवारी साधन (माथि उल्लेखित बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>▪ पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>▪ (पवर्तारोहण, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले गरे बमोजिम हुने) |

## ३.२ प्रभावकारीराजश्व परिचालनका प्रमुख पक्षहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजश्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गर तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । कालिकानगरपालिकाले राजश्वपरिचालनकालागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् :

### ३.२.१ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघिय कानुनले प्रदान गरेका राजश्व अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजश्व परिचालनका लागि करको दायरा तथा दरमा परिमार्जन गरी आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरू समयमै अद्यावधिक गरि नगरसभाबाट पारित गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ३.२.२ उपयुक्त संगठन निर्माण

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजश्व अभिलेख तथा सूचना प्रणाली सहित राजश्व परिचालनका लागि सुदृढ तथा बेग्लै राजश्व शाखाको व्यवस्था भइसकेको छ । वडा कार्यालयलाई केही शिर्षकहरूमा राजश्व असुलीको जिम्मेवारी दिइएकोले वडाका कर्मचारीहरूलाई तालिम दिई दक्ष बनाउनुपर्ने देखिन्छ

### ३.२.३ तथ्याङ्कमा आधारित अभिलेखतथा स्रोतहरुको प्राथमिकीकरण

नगरपालिकाले तयार पारेको करको दायरा र दर रेटले सबै क्षेत्रलाई समेट्न नसकेकोले नगरपालिकाले संकलन गर्न सक्ने विभिन्न कर तथा गैह्र करका दायरा तथा दरहरूको विवरण आद्यावधिक गर्नुपर्ने देखिन्छ । आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजश्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ ।

### ३.२.४ विभिन्न आयमूलक कार्यक्रम

आफ्नो आन्तरिक आय वृद्धिका लागि विभिन्न संघ संस्थाहरूसंग समन्वय गरी विभिन्न किसिमका युवा अभिमुखिकरण, सीपमुलक तथा आयमुलक कार्यक्रमहरू संचालन गरी नगरमा ठुलो संख्यामा रहेका महिला तथा युवा जनसंख्यालाई उद्यमी वा अन्तर उद्यमीको रुपमा रुपान्तरण गरि नगरवासीहरुको कर तिर्न सक्ने क्षामताअभिवृद्धि गर्नुपर्ने हुन्छ । यसकालागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यवसायीक सेवामुलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न नीजि क्षेत्रसंग समन्वय गर्न आवश्यक देखिन्छ । घरेलु तथा साना उद्योग विकास समितिसंग समन्वय गरी लघु साना एवम मम्हौला उद्यमीहरूको सृजना गर्नुपर्ने देखिन्छ । नगर क्षेत्रमा व्यापार, पर्यटन, कृषि र व्यवावसाय लगायतका आयमुलक कार्यक्रमहरु संचालनमा रहेका छन् ।

### ३.२.५ पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजश्व प्रशासनका लागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन आवश्यक छ । जुन शिर्षकबाट आय आर्जन भएको हो सोही शिर्षकमा नै बढी खर्च गर्दा नगरवासीहरूमा राम्रो सन्देश जान सक्दछ । सकंलित राजश्वतथा खर्चको सार्वजनिक गर्ने प्रणलीको विकास गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ ।

### ३.२.६ परिवर्तित व्यवस्था अनुसार राजश्वसंकलन

परिवर्तित व्यवस्था अनुसार राजश्व संकलनको लागि कानूनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजश्व शिर्षकहरूमा समन्वयात्मक तरिकाले राजश्व संकलन गर्नु, तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ ।

### ३.२.७ राजश्व प्रशासन तथा नीति सम्बन्धी सवालहरु

उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा नगरपालिकाको हालको राजश्वपरिचालनका सम्बन्धमा निम्न सवालहरू रहेको देखिन्छः

१. राजश्वप्रशासन सम्बन्धी आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार नहुनु ।
२. राजश्व प्रशासनका लागि सीप एवं क्षमताले प्रयुक्त कर्मचारी कमी हुनु ।
३. राजश्व सम्बन्धी अभिलेख समेटिएको वस्तुगत विवरण नहुनु ।
४. नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल नगर्नु ।
५. राजस्व असुलीमा राजनैतिक प्रतिवद्धता नदेखिनु ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजश्वसंकलनको प्रमुख क्षेत्रहरू र सम्भावना विश्लेषण

नगरपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोत तर्फ संकलन गर्ने राजश्व मध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरूको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।

### ३.३.१ कर राजस्व

#### क. भूमि कर(मालपोत)

विगतका वर्षहरुमा कालिका नगरपालिकाले मालपोतकर संकलन गरिरहेको थियो । भुमीकर यस नगरपालिकाको प्रमुख आन्तरिक स्रोतको रुपमा रहेकोमा आ.व. २०७४/०७५ देखिपालिकाले सम्पत्ति कर लागु गरेकाले घर र घरले चर्चेको जग्गामा सम्पती कर र त्यस बाहेकमा मालपोतसंकलन हुने देखिन्छ ।

अघिल्लो आ.व.हरूमा संकलित तथा चालु ०७७/७८ को अनुमानीत रकमका आधारमा विश्लेषण गर्दा करिब आगामी आ.व.मा ३३ लाखको हाराहारीमा मालपोत रकम संकलन हुन सक्ने अनुमान गरिएको छ भने त्यस पछिको वर्षहरुमा क्रमश: १० प्रतिशतका दरले राजस्व संकलनमा वृद्धि हुदै अनुमान गरिएको छ ।

तालिका ७:भूमिकर (मालपोत) सम्भावनाको गणना

| क्र.सं. | मालपोतको औसत मूल्यांकन | अनुमानीत करदाता संख्या | औसत करको दर | सम्भाव्य आम्दानी |
|---|---|---|---|---|
| १ | ५ कठ्ठा भन्दा कम हुने | ३५५० | ५० | १७७५०० |
| २ | ५ कठ्ठा देखि माथि | १२५०० | २५० | ३१२५००० |
| | जम्मा | १६०५० | | ३३०२५०० |

**सुधारका पक्षहरू:**

नगरपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र वास्तविक तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र वास्तविक तथ्यांकहरुको संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु आवश्यक देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन्:

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने
- सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने ।
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने

#### ख. सम्पत्ती कर

आ.व. २०७५/०७६ देखि नगरपालिकाले एकिकृत सम्पत्ति कर लागु गरेको छ । नगरको बस्तुगत विवरणवाट प्राप्त तथ्यांक अनुसार यस नगरपालिकामा करिब ११120 घरधुरीरहेका तर एउटा घर धुर संग ५ वटा सम्म घर घडेरी हुने घर धुरी करिब २० प्रतिशत देखिएकोले साविक घर धुरी संख्या भन्दा १६ प्रतिशत बढी घर धुरी रहेको आकलन गरि आयको प्रक्षेपण गरिएको छ । यस हिसावलेसम्पत्ति करका करदाताको रुपमा करिब १२९५० अनुमानित करदाता हुन सक्ने अनुमान रहेको छ । अनुमानित करदाताको संख्या तथा सम्पत्तिकरको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भावना देहायबमोजिम देखिन्छ :

**तालिका ८:सम्पत्ति कर सम्भावनाको गणना**

| क्र.सं. | सम्पत्तिको औसत मूल्यांकन | अनुमानीत करदाता संख्या | औसत करको दर | सम्भान्य आम्दानी |
|---|---|---|---|---|
| १ | २० लाख रुपैयाँसम्मको मूल्यांकनमा | ४५०० | २६२ | ११७९००० |
| २ | २१ लाख देखि ५० लाखसम्मको मुल्यांकनमा | २००० | ६०० | १२००००० |
| ३ | ५१ लाख देखि १ करोड सम्मको मुल्यांकनमा | ४२५० | १२७५ | ५४१८७५० |
| ४ | १ करोड १ लाख देखि २ करोड सम्मको मुल्यांकनमा | १८५० | ५००० | ९२५०००० |
| ५ | २ करोड १ लाख देखि ३ करोड सम्मको मुल्यांकनमा | २५० | १०५०० | २६२५००० |
| ६ | ३ करोड १ लाख देखि माथिको मुल्यांकनमा | १०० | २८००० | २८००००० |
| | | | | |
| जम्मा | | १२९५० | | २२४७२७५० |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०* | | | | ११२३६३७५ |
| *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | | १४६०७२८७.५ |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | | १९१०१८३७.५ |

सम्पत्ति करको कुल सम्भावना करिब २ करोड २४ लाख ७२ हजार बढीको भएता पनि सबै करदातालाई करको दायरमा तत्काले ल्याउन नसकिने भएकाले करिब ५० प्रतिशतको हाराहारीमा आगामी आ.व.मा करको दायरामा आउन सक्ने अनुमानका गरिएको छ भने त्यस पछिका वर्षहरुमा क्रमशः १५ प्रतिशतका दरले सम्पती करको दायरामा आउन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- नगरपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने ।
- नगरपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत्करको दायरामा ल्याउने
- सम्बन्धित करदाताको सम्पति मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने ।
- सम्पत्ति करको विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

### ग. घरजग्गा बहाल कर

नगरपालिकाभित्रका कुनै पनि घर, टहरा, पसल, ग्यारेज, उद्योग, जग्गा, पोखरी आदि बहालमा लगाइएको अवस्थामा लिइने कर घरबहाल कर हो । यस नगरपालिकाले बहाल करको परिचालनका लागि दर निर्धारण तथा संकलन सम्बन्धी व्यवस्था गरेका छ ।

स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र परेको र यो कर सम्बन्धी सम्पुर्ण अधिकार स्थानीय तहमा नै रहेकोले नगरपालिकाले संस्थागतमा बहाल रकमको १० प्रतिशत र आवसीयको हकमा ५ प्रतिशतको दर तोकेको छ ।

कालिका नगरपालिकाको घर धुरी सर्वेक्षणको तथ्यांक अनुसार करिव ४२७ घर धनीहरुले आफना घर बहालमा लगाउने गरेकोमा आगामि आव देखि यो संख्या ५४५ जति पुग्ने देखिन्छ । उक्त संख्यामा रहेका घरहरुवाट घर बहाल स्वरुप २२०८००० कुल आय गर्न सकिने सम्भावना रहेकोमा पहिलो वर्ष ५० प्रतिशत घरहरुवाट मात्र बहाल कर रु ११ लाख ४ हजार बराबर संकलन हुने र क्रमस दोश्रो र तेश्रो वर्षहरुमा ६५ र ८५ प्रतिशत बहाल कर संकलन हुने प्रषेपण गरिएको विवरण तालिकामा प्रस्तुत गरिएकोछ ।

**तालिका ९:घरबहाल कर सम्भावनाको गणना**

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | |
| | | (क) | अनुमानित | खX १२ | क X ग | घ को १० प्रतिशत |
| १ | संस्थागत | ४५ | १२००० | १४४००० | ६४८०००० | ६४८००० |
| २ | व्यवसायिक | ३५० | ३५०० | ४२००० | १४७००००० | १४७०००० |
| ३ | आवासिय | १५० | १००० | १२००० | १८००००० | ९०००० |
| **जम्मा** | | **५४५** | | | २११८०००० | २२०८००० |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०* | | | | | | ११०४००० |
| *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | | | | १४३५२०० |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | | | | १८७६८०० |

**सुधारका पक्षहरू:**

नगरपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवालासँगको छलफल तथा स्थानीय स्तरको अध्ययन भ्रमणका आधारमा घरबहाल करमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- घरबहालमा दिनेहरुको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने
- घरबहाल कर संकलन गर्दा नगरपालिकाले निर्धारण गरेको दरमा आधारित भई कर असुली गर्ने
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने
- सम्पत्ति कर, व्यबसाय कर र घर जग्गा बहाल कर संकलनलाई एकीकृत रुपमा एकै पटक उठाउन सकिने गरी तथ्यांक र असूली प्रकृयामा सफ्टवेयर पद्धति विकास गरी कार्यान्वयनमा ल्याउ

## घ.वित्तिय र पूँजिगत कारोवारमा लाग्ने कर (व्यवसाय कर)

यस नगरपालिकाले विभिन्न व्यवसायहरूको वर्गिकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ । उद्योग दर्ता वा नवीकरणका लागि सिफारिश लिन आउनेसँग मात्र यो कर लिने प्रचलन रहेको देखिन्छ ।

नगरपालिकामा व्यवसाय सम्बन्धी तथ्याङ्क अनुसार ८८३ वटा व्यवसाय दर्ता गरिएको छ । करको दायरामा आउन सक्ने थप व्यवसायहरू पनि  ठुलो संख्यामा रहेको छ राजश्व शाखाको क्षामता बढाउदैतदारुकताका साथ, ठोस कार्य नीति तर्जुमा गरियथार्थ तथ्याङ्क तयार गर्न आवश्यर्के देखिन्छ ।

व्यवसाय कर नगरपालिकाको प्रमुख आय श्रोतको रुपमा रहेको देखिन्छ । नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गर्ने प्रावधान अनुसार करका दर रेट हरु निर्धारण गरेको देखिन्छ । नगरपालिकाको हालसम्मको तथ्यांक अनुसार सबै वडाहरुमा विभिन्न प्रकारका साना ठुला गरी ८८३ वटा व्यावसायहरुसंचालन भएका छन् । सबै व्यवसाय नगरपालिकामा दर्ता भई करको दायरमा आएका छैनन् ती व्यवसायहरुलाई करको दायरामा समावेस गर्न सके आगामी

आ.व.करको दायरामा आउने कुल ११०० साना एवम ठुला व्यावसायवाट औसत रु. १५०० का दरले करिब १६ लाख ५० हजार व्यवसाय कर संकलन हुन सक्ने सम्भावना देखिएको छ।

तर आगामी आ.व.मा नै सबै व्यवसायलाई करको दायरमा ल्याउन नसकिने कुरा लाई मध्यनजर गर्दै ६५ प्रतिशत व्यवसायबाट करिब रु. १०लाख ७२हजारसम्म व्यावसाय कर प्राप्त हुने अनुमान गरिएको छ भने त्यस पछिका वर्षहरुमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुदै जानेछ।

**तालिका १०:व्यवसाय कर सम्भावनाको गणना**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | औसत करको दर | संभावित आय |
|---|---|---|---|---|
| १ | विभिन्न व्यवसाय (फरक फरक लागानी पूँजी भएको व्यवसाय) | ११०० | १५०० | १६५०००० |
| जम्मा | | ११०० | | १६५०००० |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | | १०७२५०० |
| *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ७५* | | | | १२३७५०० |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | | १४०२५०० |

**सुधारका पक्षहरू:**

नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ:

- नगरपालिकामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण/लगत तयार गर्ने
- घुम्ती टोली खटाई स्थलगत रुपमै व्यवसाय दर्ता गरी प्रमाणपत्र दिने र कर संकलन गर्ने व्यवस्था गर्ने
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने
- व्यवबसाय दर्ता, नवीकरण र खारेजी सम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने
- व्यवसाय करलाई दर्ता र नवीकरणमा लिने गरी कानुनी व्यवस्था परिमार्जन गर्ने
- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यससम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने। जस्तै- अधिकतम कर तिर्ने करदातालाई पुरस्कृत गर्ने। करको दायरामा नआउनेलाई उच्च दरमा जरिवानाको व्यवस्था पर्ने। छुटको व्यवस्था समेत कानुनमा व्यबस्था गर्ने।

## ङ. सवारी साधन कर

हालको कानुनी व्यवस्था अनुसार नगरपालिकाले सिमित सवारी साधन (ईरिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता, नविकरण तथा वार्षिक वार्षिक सवारी करसंकलन गर्न सक्ने अधिकार भएकाले सो को मात्र सम्भावनाको अध्ययन गरिएको छ।नगरपालिका क्षेत्रमा राजस्व संकलन गर्न सकिने त्यस किसिमका सवारी साधनहरू उल्लेख्य संख्यामा रहेको भएतापनि त्यसको लगत राखि नियमन नभएकाले राजश्व संकलन भई रहेको देखिदैन तर आगामी आव वाट नगर भित्र संचलन हुने अटो रिक्सा, ईरिक्सा हरुलाई करको दायरामा ल्याई कर राजश्व संकलन गर्न सकिन्छ। त्यस किसिमका सवारी साधनबाट एकमुष्ट **रु. १ लाख ५० हजार** सम्भाव्यता आँकलन गरिएको छ।

**सुधारका पक्षहरू:**

नगरपालिकाले साना सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ।

- रिक्सा, विद्युतीय रिक्सा सम्बन्धी तथ्यांक संकलन गरी नगरपालिकामा दर्ता गराउने।
- सवारी साधनको दर्ता, नवीकरण, खारेजी, रुट परमिट लगायतका कार्यका लागि आवश्यक कार्यविधि कानुन निर्माण,

जनशक्ति व्यबस्थापन र अन्य सम्बद्ध निकायहरुसँग समन्वयको व्यबस्था मिलाउने

- करको दर र सम्बन्धित विषयमा सरोकारवालाहरुसँग छलफल गरी छिमेकी नगरपालिकाहरुको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने
- इञ्जिनको क्षमता, निर्माण वर्ष आदिको आधारमा मापदण्ड तयार गरी सोको आधारमा करको दर निर्धारण गर्ने

### च. विज्ञापन कर

नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल, व्यानर अदिमा विज्ञापन कर लगाउन सक्नेछ । **तर संघीय कानुन अनुसार** यो कर प्रदेश सरकारको निर्णय अनुसार स्थानीय तहले दर निर्धारण र संकलन गर्ने तथा प्रदेश कानुन अनुसार सो को बाँडफाँड हुने प्रावधान रहेको छ ।स्थानीय तहले दर निर्धारण तथा संकलन गर्ने हुँदा यस करको सम्भावना देखिन्छ ।

नगरपालिकाका मुख्य बजारहरुखोलेसिमल, जुटपानी, शक्तिखोर, पदमपुर, गढुवा, सुर्यपुरजस्ता बजार क्षेत्र आसपासका पसलहरूमा विज्ञापनका लागि होर्डिङ बोर्ड राखिएको तर विज्ञापन कर असुली नभएको अवस्था छ । विज्ञापनको होर्डिङ बोर्ड राख्ने गरी नीजि क्षेत्रलाई विज्ञापन करको ठेक्का लगाएमा वार्षिक **रु.३ लाख** सम्म उठ्नसक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- नगरपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने
- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने
- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने

## ३.३.२ गैह्र कर राजस्व

नगरपालिकाले नगरवासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्ने सक्ने प्रावधान अनुरुप नगर सभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरि सेवा शुल्कहरूसंकलन गरिरहेको छ । यसै सन्दर्भमा अगामी आ.व.मा नगरपालिकालाई प्राप्त हुने राजस्व अनुमान गरिएको छ ।

### क. व्यवसाय रजिष्ट्रेशन दस्तुर

हालको कानुनी व्यवस्था अनुसार नगरपालिकाले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग जस्ता व्यवसायिक संघ संस्थाहरूको दर्ता, नविकरण गरि सो को दस्तुर संकलन गर्नसक्ने छ ।स्थानीय तहहरूको गठन संगै नगरपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघसंस्थाहरू एकपटक नगरपालिकामा दर्ता भईसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन । व्यवसाय तथा संघसंस्थाहरू दर्ता भई सकेपछि वार्षिक रुपमा नविकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ ।

प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा यस किसिमको करको संभावना देहायबमोजिमको रहेको छ :

**तालिका ११:व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | करको दर | नविकरण दस्तुर | संभावित आय |
|---|---|---|---|---|---|
| १ | ५ लाखसम्म पूँजी भएको व्यवसाय | ५० | १००० | उद्योग व्यवसायको वार्षिक नवीकरण गर्दा पुँजीमा लाग्न व्यवसाय करको ५ प्रतिशत | ५०००० |
| २ | ५ लाख एक देखि १० लाखसम्म पूँजी भएको व्यवसाय | १०० | २००० | | २००००० |
| ३ | १० लाख एक देखि माथिको पूँजी भएको व्यवसाय | ६५ | ७००० | | ४५५००० |
| | जम्मा | २१५ | | | ७०५००० |

आउने आ.व.मा करिब २१५ वटा संघसंस्थाहरू दर्ता हुने र सो बापत नगरपालिकालाई करिब ७ लाख ५० हजारको हाराहारीमा राजस्व प्राप्त हुने अनुमान गरिएको छ भने त्यस पछिका आ.व.हरूमा न्यून संख्यामा संघसंस्थाहरू दर्ता हुदै जाने तथा अघिल्ला आ.व.हरूमा दर्ता भएकाहरू नविकरण हुदै जानेछन् । उल्लेखित सम्भावित रजिष्ट्रेशन दस्तुर बापतको आय सम्बन्धित व्यवसायिक संघ संस्था दर्ता गर्दाको आर्थिक वर्षमा दर्ता दस्तुर रकम मात्र संकलन हुने र त्यसपछिका आ.व.मा नविकरण गर्दा नविकरण दस्तुर प्राप्त हुने गर्दछ ।

**सुधारका पक्षहरू:**

- दर्ता, अनुमती र नवीकरणका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता, अनुमति र नवीकरण दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ संस्था, फर्म वा उद्योग स्थापना गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका संस्था, फर्म वा उद्योगलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

## ख. बहाल विटौरी शुल्क

नगरपालिका आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल विटौरी शुल्क संकलन गर्न सक्ने कानुनी प्रावधान रहेको छ । सार्वजनिक जग्गा, बाटोको छेउ छाउका सार्वजनिक स्थलमा रहेका टहरा, पसलहरु बाट प्रभावकारी रुपमा बिटौरी कर संकलन गर्न सकेको खण्डमा राजस्व असुलीको संभावना रेहेको देखिन्छ । प्रयाप्त क्षेत्रगत तथ्यांकको अभावले गर्दा प्रस्तुत अध्ययनमा कालिकानगरपालिकाकालागि आगामी आ.व. २०७८।७९ मा संकलन हुन सक्ने बिटौरी करको रकम मात्र अनुमान गरिएको छ ।

प्रभावकारी रुपमा नीतिगत व्यवस्थाका साथ यो कर लागु गर्न सकेमा नगरपालिकाललाई त्यस किसिमका जग्गा, संरचनाबाट करिब **५लाखसम्म** वार्षिक आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्यांक संकलनलाई अन्तिम रुप दिई बहाल विटौरी शुल्कको दायरामा ल्याउने
- जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।
- नगरपालिकाले हाल उठाइ आएको अव्यवस्थित बसोबास व्यवस्थापन शुल्क संविधान र प्रचलित संघीय कानुन बमोजिम नगरपालिकाको क्षेत्राधिकारभित्र नपर्ने देखिएकोले विद्यमान आर्थिक ऐनमा परिमार्जन गरी बहाल विटौरी शुल्कको दायरामा ल्याउने

## ग. सिफारिस तथा प्रमाणित दस्तुर

यस अन्तर्गत नगरपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेवापत लिईने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । नगरपालिकाले सिफारिश दस्तुरको दररेट नगर सभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरूमा रकम समेत संकलन गरिरहेको छ ।जस बापत न.पा.लाई करिब **८६ लाख ४० हजार**को हाराहारीमा राजस्व संकलन हुने अनुमान गरिएको छ ।

**तालिका १२:सिफारिस दस्तुर**

| दस्तुर | औसत दैनिक | औसत बार्षिक निवेदन (बार्षिक २४० दिन) | औसत दर | सम्भाव्य राजस्व |
|---|---|---|---|---|
| बिभिन्न सिफारिस दस्तुर | ३० | ७२०० | १२०० | ८६४०००० |
| जम्मा | ३० | | | ८६४०००० |

**सुधारका पक्षहरू:**

- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शिर्षक सहितको विवरण तयार गर्ने ।
- सबै वडा कार्यालयहरुमा कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ प्रणालीलाई अनिवार्य बनाउने ।

## घ. नक्शा पास दस्तुर

नगरपालिकाको आन्तरिक आय अन्तर्गत घर नक्सा पास गरे वापत प्राप्त दस्तुर पनि एक महत्वपूर्ण स्रोत हो । नेपाल सरकार सङघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ लागुभए पश्चात नगर क्षेत्रभित्र निर्माण हुने हरेक घरको मापदण्ड अनुरुप नक्सा पास गरेर मात्र घर निर्माण गर्नु पर्ने प्रवधान रहेको छ । कालिका नगरपालिकाले कडाईका साथ यस मापदण्डलाई कार्यन्वयन गरे नगरपालिकाको आन्तरीक आयमा वृद्धि हुने देखिन्छ ।

नक्सापास नगरपालिकाको नियमित र एक उल्लेख्य आम्दानीको स्रोत हो । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (अभिलेखिकरण) को अनुमानीत संख्या र प्राप्त तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास दस्तुर बापत प्राप्त हुने आय निम्नअनुसार कुल **रु. २१ लाख ८५ हजार** आँकलन गरिएको छ ।

**तालिका १३:नक्सा पास दस्तुरको सम्भावनाको गणना**

| क्र.सं. | विवरण | संख्या | औसत दर (प्रति नक्सा प्रति वर्ग फिट) | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|
| १ | घर नक्सा पास (औसत १२०० वर्ग फिट) | १०० | ८ | ९६०,००० |
| २ | पुरानो घर अभिलेखिकरण प्रमाण पत्र | ३५० | ३५०० | १,२२५,००० |
| जम्मा | | ४५० | | २,१८५,००० |

**सुधारका पक्षहरुः**

- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने
- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सिमान्त करदातालाई सहुलियत प्रदान गर्ने
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने

### ङ. मनोरञ्जन कर

नगरपालिकाले नगर क्षेत्र भित्र संचालित पार्क, संग्रहलय, भ्यु वाल उद्यान, झरना तथा अन्य मनोरंजन स्थलहरुका लगत तयार गरि आवश्यक नीतिगत निर्णय गरि आय आर्जन गर्न सक्ने सम्भावना रहेको छ । यस उदाहरणका लागि सौराहको होटल व्यावसायिहरु संग सहकार्य गरि लोपोन्मुख प्रजा जातीको ईतिहास र संस्कृती, परम्परा रहन सहन र भेषभुषा समेटिएको प्रजा संग्राहलय शक्तिखोरमा निर्माण गर्न सके आस पासका उपरदांङ्गगढी लगायतका मनोरम क्षेत्रमा विभिन्न भिडियोग्राफी लगायतका क्षेत्रबाट मनोरञ्ज कर बापतको रकम असुली हुने देखिन्छ । यस किसिमको करको सम्भाव्यता करिब **५ लाख**को बराबरको हुने अनुमान गर्न सकिन्छ ।

### च. अन्य विविध आय

नगरपालिकाले विभिन्न किसिमका फारमहरू बिक्री बाट प्राप्त आय लाई बिक्री अन्तर्गत् राखेको छ भने अन्य विविध आयमा दण्ड जरिवाना, पेश्की फिर्ता, तथा अन्य विविध आयहरू रहेका छन् । यस शिर्षक अन्तर्गत् नगरपालिकाले करिब **२० लाखसम्म** संकलन गर्ने सक्ने अनुमान गरिएको छ ।

# परिच्छेद चार : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको कालिका नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्य योजनालाई नगरपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने आधारमा नगरपालिकाको आगामी तीन आर्थिक वर्षहरूका लागि गरिएको राजस्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ४.१ राजश्व सुधार कार्ययोजना

नगरपालिकाको राजश्व सम्बन्धी अधिकार, करको दायरा, दररेट संम्बन्धी सरोकारवालाहरूसंगको छलफलमा राजश्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधीमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ ।

**तालिका १४:राजश्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| क. कर तथा गैह्र कर राजस्व | | | | |
| **सम्पत्ति कर** | ▪ सम्पत्ति कर कार्यन्वयव सम्बन्धि अभिमुखीकरण कार्यक्रम गर्ने<br>▪ सम्पत्ति कर कार्यान्वयनका लागि कार्य विधि तयार गरि नगर सभा वा कार्यपालिकाबाट पारित गर्ने | २०७८असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व परामर्श समिति<br>नगर सभा | सम्पत्ति कर कार्यविधी तयार भएको हुने |
| | ▪ राजस्व शाखा अन्तर्गत रहने गरि सम्पत्ति कर इकाईको स्थापना तथा भौतिक सुविधा को व्यवस्था गर्ने | २०७८साउनको पहिलो हफ्तासम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व शाखा | सम्पत्ती कर इकाई स्थापना भएको हुनेछ |
| | ▪ असुल उपर गर्नको लागि सफ्टवेयर र विलिंग प्रणाली शुरु गर्ने | | राजस्व शाखा, वडा कार्यलय | विलिंग र सफ्टवेयर प्रणाली संचालनमा आएको हुनेछ |
| | ▪ मालपोत (बक्यौता समेत) असुल गर्ने | २०७८श्रावण १ देखि | | मलपोत बक्यौता अशुलीको शुरुवात |
| | ▪ नगरपालिका भित्र रहेका वडाहरूमा माइकिङ, सभा,गोष्ठीहरू संचालन गरि जनचेतना जगाउने । | २०७८असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत,वडा कार्यालय | नगरवासिहरुको जनचेतना अभिवृद्धि हुने |
| | ▪ सम्पत्ति कर लागुभएपछि सो कर प्राप्त भए नभएको सम्बन्धमा अधिकार प्राप्त अधिकारी तथा अनुगमन टोली बनाई वडा वडामा अनुगमन गर्ने । | निरन्तर | नगरकार्यपालिका, राजस्व परामर्श समिति | अनुगमन प्रतिवेदनहरु त्यार भएको हुने |
| | ▪ सम्पत्ति कर लागू भएका नपा, गापाहरूको हरूको अवलोकन भ्रमण गर्ने | २०७८ फाल्गुण मसान्त सम्म | नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा | नया अभ्यास र अनुभवहरुको प्राप्ती |
| | ▪ नगरपालिका भित्र रहेका व्यवसायीहरूको तथ्यांक | २०७८ आषाढ मसान्त | राजस्व शाखा | व्यावसायीहरुको अभिलेख |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| व्यवसाय कर | अध्यावधिक गर्ने | सम्म | वडा कार्यालयहरू | तयार भएको हुने |
| | ▪ व्यवसायीहरूलाई कर सम्वन्धी सवै वडाहरुमा १ दिने सचेतना अभिमुखीकरण आयोजना गर्ने । | २०७८ आषाढ मसान्त सम्म | राजस्व परामर्श समिति, वडा कार्यालय | व्यवासायिहरुको सचेतना अभिवृद्धि हुने |
| | ▪ दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने | | | |
| | ▪ निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | निरन्तर, नगरसभा | नगरसभा, प्रमुख प्रशासकीय अधिकृत | कर संकलन कार्य प्रभावकारी हुने |
| सवारी कर | ▪ नगरपालिका क्षेत्रमा रहेका साना सवारी (ठेला लगायत) को लगत संकलन गर्ने<br>▪ दर्ता नविकरणको प्रकृया अगाडी बढाई कर संकलन गर्ने<br>▪ अन्य सवारी करको विषयमा प्रदेश कानुन र प्रदेश सरकार संग समन्वय अनुसार गर्ने | २०७८श्रावण १ देखि | प्रशासन शाखा, वडा कार्यालय | अभिलेख व्यवस्थित हुने |
| घर वहाल कर | ▪ नगरपालिका भित्र रहेका वहालमा दिने घरधनीहरूको विवरण वडा कार्यालय मार्फत अध्यावधिक गर्ने ।<br>▪ घर वहालकर तिर्नका लागि घरधनीलाई प्रोत्साहित गर्ने । | आ.व.०७७/७८ भित्र निरन्तर | प्रशासन शाखा, वडा कार्यालय | घरवहाल कर व्यवस्थापन भई कर संकलनमा सकारात्मक परिर्वतन आउने |
| जडीबुटी, कवाडी, जिवजन्तु कर | ▪ जडीबुटी निकासी वा पैठारी गर्ने, कवाडी कारोवार गर्ने, जिवजन्तु निकासी वा पैठारी गर्नेहरू संग राजस्व परामर्श समितिमा छलफल गरि उचित दर निर्धारण गरि कर संकलन गर्ने । | २०७८ असार मसान्तसम्म | नगरसभा | कर सम्भावना र व्यवस्थापनका लागि आवश्यक सुचना प्राप्त हुने |
| वहाल विटौरी शुल्क | ▪ वहाल विटौरी लगाउन सकिने क्षेत्रहरूको निर्धारण गर्ने<br>▪ सार्वजनिक जग्गा, ऐलानी जग्गामा रहेका घरहरूको सम्वन्धमा घरवालाहरू संग छलफल गरि करको शुल्क तोक्ने ।<br>▪ सार्वजनिक जग्गाहरू वार्षिक ठेक्का लगाई शुल्क असुली गर्ने । | २०७८असार मसान्तसम्म | राजस्व परामर्श समिति नगरकार्यपालिका | व्हाल विटौरी कर व्यवस्थित भएको हुने |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| **व्यवसाय रजिष्ट्रेसन दस्तुर** | ▪ रजिष्ट्रेसन गर्नुपर्ने संघसंस्थाहरूको विवरण संकलन तथा अध्यावधिक गर्ने ।<br>▪ वडास्तरीय कर शिविरहरू संचालन गर्ने । | २०७८ असार मसान्तसम्म | नगरकार्यपालिका र प्रशासन शाखा | |
| **अचल सम्पत्ति मूल्यांकन शुल्क** | ▪ सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने ।<br>▪ मूल्यांकन शुल्क दर आवश्यक मात्रामा पुनरावलोकन गर्ने ।<br>▪ वैदेशीक र वैंकिङ प्रयोजनको रुपमा वर्गिकरण गर्ने । | २०७८असार मसान्तसम्म | राजस्व परामर्श समिति<br>राजस्व शाखा | |
| **पर्यटन सेवा शुल्क** | ▪ ऐतिहासिक, पर्यटकिय तथा अन्य धार्मिक स्थलहरू र ति क्षेत्रहरूको प्रचार प्रसार, विकास तथा सेवाहरूको व्यवस्थापन गरि पर्यटन शुल्क लगाउने । | निरन्तर | राजस्व शाखा<br>प्रशासन शाखा<br>नगरकार्यपालिका | ऐतिहासिक, पर्यटकिय तथा अन्य धार्मिक स्थलहरूको लगत तयार भई सम्भावनको अध्ययन र आवश्यक पुवार्धारको विकास |
| **पुर्वाधार उपयोग शुल्क** | ▪ नगरपालिकाले निर्माण गरेका संरचना वा हस्तान्तरण भई आएको बाटो, धर्मशाला, सभागृहहरू लगायतमा शुल्क निर्धारण गरि उपयोग शुल्क लगाउने । | २०७८ आषाढ मसान्त सम्म | नगरकार्यपालिका, राजस्व परामर्श समिति | शुल्क निर्धारण र संकलन भएको हुने |
| **नक्सा पास दस्तुर** | ▪ घर,टहरा ,कम्पाउण्ड नक्सापास दस्तुर कडाईका साथ अनिवार्य गर्नुपर्ने । | निरन्तर | वडा कार्यालय<br>नक्सापास शाखा नगरकार्यपालिका | कार्यान्वयन भएको हुनेछ |
| | ▪ नियमित अनुगमन र दण्ड जरिवाना लगाउने | हरेक तीन/तीन महिनामा | नक्सापास शाखा, राजस्व शाखा | कार्यान्वयन भएको हुनेछ |
| | ▪ अभिलेखिकरण प्रकृयालाई आगामी आ.व.सम्म कायम राख्ने | २०७८/०७९ सम्म | नक्सा शाखा | कार्यान्वयन भएको हुनेछ |
| **अन्य** | ▪ विभिन्न सेवा शुल्कहरूका दर निर्धारण गरि सेवा शुल्क लिने । | २०७८ असार मसान्तसम्म | नगरसभा, राजस्व परामर्श समिति | कार्यान्वयन भएको हुनेछ |
| ▪ **ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | | | ▪ |
| **सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन** | ▪ नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरूहरू, सार्वजनिक स्थलहरू, रुखबिरुवा अभिलेखिकरण गर्ने, संरक्षण तथा सम्बर्द्धन गर्ने, सो को परिचालन संभाव्यता अध्ययन गर्ने । | २०७ असोज मसान्तसम्म | प्रमुख प्रशासकिय अधिकृत<br>नगरकार्यपालिका,नगर सभा<br>सम्बन्धित वडा कार्यालयहरू | संभाव्यता अध्ययन प्रतिवेदन तयार भएको हुनेछ |
| **सम्भाव्य सुविधाको निर्माण, संचालन तथा व्यवस्थापन** | ▪ नगरपालिका को दिर्घकालिन आय स्रोतहुने गरि सम्भाव्यता अध्ययन गर्ने :<br>▪ कृषी तथा तरकारी बजार केन्द्र (हाट बजार | आ.व. ०७८/०७९ देखि ०८०/०८१ मसान्तसम्म | नगरकार्यपालिका,<br>सम्वन्धितवडाकार्यालय | संभाव्यता अध्ययन प्रतिवेदन तयार भएको हुनेछ |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | ▪ सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थित गर्ने<br>▪ संघसंस्था तथा निजि क्षेत्रका स्कुलहरू आदिसंग छलफल गरि तिनिहरूलााई करको दायरामा ल्याउनें ।<br>▪ मेलापर्वहरूमा मनोरञ्जन गराउने व्यवसायीहरूलाई करको दायरामा ल्याउने ।<br>▪ धर्मशाला, सभाहल निर्माण गरि आय आर्जन गर्ने ।<br>▪ नगरपालिका को मुख्य बजार क्षेत्रमा वाइफाइ जोनको विकास गरि आय आर्जन वृद्धि गर्ने ।<br>▪ पार्किङ्ग स्थलहरुको निर्माण तथा व्यवस्थापन | | निजी क्षेत्र | |
| **महत्वपुर्ण धार्मिक तथा पर्यटकिय स्थलहको विकास, संरक्षण तथा प्रवद्धर्धन** | ▪ नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थलहरूको विकास, संरक्षण तथा प्रवद्धर्धनकका लागि गुरुयोजना बनाउने अध्ययन गर्ने । | २०७८ चैत्र मसान्तसम्म | नगरपालिका कार्यपालिका,<br>सम्बन्धित वडाकार्यालय<br>निजी क्षेत्र | गुरुयोजना तयार भएको हुनेछ |
| ▪ **ग. राजस्व प्रशासन** | | | | |
| **नीतिगत व्यवस्था** | ▪ राजस्व सुधार कार्ययोजना लगायत राजस्व ऐन तथा अन्य आवश्यक कार्यविधि तयार गरि नगरसभाबाट पास गर्ने ।<br>▪ राजस्व परामर्श समितिले पारित गरेका कर नीति लागुगर्ने । | २०७८ आषाढ मसान्त भित्र | - प्रमुख प्रशासकिय अधिकृत<br>- नगरसभा | राजश्व सम्वन्धि ऐन, कार्यविधी, र आवश्यक नीति तर्जुमा भएको हुनेछ |
| **सांगाठनिक व्यवस्था** | ▪ नगरपालिकाको संगठनात्मक व्यवस्था अर्न्तगत राजस्व शाखामा आवश्यक कर्मचारीहरू व्यवस्था गर्ने ।<br>▪ राजस्व प्रशाासनका लागि आवश्यक भौतिक सुविधाहरू ( कार्य स्थल, फर्निचर, ल्यापटप,प्रिन्टर,कम्प्युटर सफ्फट्वेयर, आदी) | २०७८ आषाढ मसान्त भित्र | राजस्व परामर्श समिति<br>प्रशासन शाखा | आवश्यक कर्मचारी र प्राविधिक श्रोत साधनहरुको व्यवस्था हुनेछ |
| **राजस्व संकलन तथा अभिलेख** | ▪ राजस्व अभिलेख सम्वन्धी सफ्टवेयर अध्यावधिक गर्ने, करदाताको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>▪ राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने व्यवस्था मिलाउने | २०७८असार १५ भित्र | केन्द्र सरकार र कार्यपालिका | राजस्व अभिलेख सम्वन्धी सफ्टवेयर अध्यावधिक भएको हुनेछ । |
| **सूचना तथा पारदर्शिता** | ▪ सञ्चार माध्यमहरू (स्थानिय एफ एम रेडियो, टेलिभिजन) बाट कर तिर्ने प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने । नगरपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने | २०७८ आषाढ मसान्त भित्र<br>निरन्तर | प्रमुख प्रशासकिय अधिकृत,<br>वडा सचिवहरू | कर र कर राजश्व सम्वन्धि सुचना, प्रतिवेदनहरु संचारका माध्यमहरुवाट सम्प्रेषित भएको हुनेछ |
| **अनुगमन** | ▪ अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने | प्रत्येक तीन महिनामा | कार्यपालिका | अधिकतम संख्यामा कर |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी | अपेक्षित परिणाम |
|---|---|---|---|---|
| | । | | | दाताहरु करको दायरमा समेटिएका प्रतिवेदन तयार हुनेछ |
| **पारदर्शिता** | ▪ मासिक रुपमा आय व्यायको सार्वजनिककरण गर्ने ।<br>▪ करदाताहरू सम्मिलित सार्वजनिक अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने । | नियमित | प्रमुख प्रशासकिय अधिकृत | कर र कर राजश्व सम्वन्धि सुचना, प्रतिवेदनहरु संचारका माध्यमहरुवाट सम्प्रेषित भएको हुनेछ |
| **करदाता तथा कर्मचारी प्रोत्सहान कार्यकम** | ▪ करदातालाई सम्मान (बढि कर तिर्ने र नियमित तिर्नेलाई)<br>▪ कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरि प्रोत्साहन दिने | वार्षिक रुपमा (नगर सभा गर्ने दिनमा) | प्रमुख प्रशासकिय अधिकृत कार्यपालिका | कर दाता कर्मचारीहरु उत्प्रेरित भएका हुनेछन |
| **समिक्षा र मूल्यांकन** | ▪ वार्षिक रुपमा समिक्षा तथा पुनरावलोकन गर्ने | चौमासिक रुपमा (आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक) | प्रमुख प्रशासकिय अधिकृत कार्यपालिका | समिक्षा प्रतिवेदन तयार भएको हुनेछ । |

## ४.२ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण

माथी उल्लेखितराजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई नगरपालिकाले संकलन गर्ने आगामी तीन आर्थिक वर्षहरू (आ.व. २०७८।०७९ देखि २०८०।०८१ सम्म) को आयको सम्भाव्यता लाई प्रक्षेपण गरिएको छ। यो आयअनुमानगर्दा राजश्व सुधार कार्ययोजनामा योजना गरिएका कृयाकलापहरूको आधारमा तयार गरिएको हो।प्रक्षेपणका लागि विगत आर्थिक वर्षको आयको प्रबृत्ति, राजस्व बृद्धि दर र राजस्व सुधार कार्य योजनाको कार्यान्वयले दायरा बढ्न गई सो बाट हुने योगदानको अनुमानलाई आधार लिईएको छ। नगरपालिकाले यस प्रक्षेपणलाई भविष्यमा वार्षिक बजेट अनुमानको लागि मार्गदर्शनकोरूपमा लिई आन्तरिक आय बृद्धि गर्दछ भन्ने अनुमान गरिएको छ। राजस्व सुधार कार्य योजनाको आधारमा रहेर गरिएको आन्तरिक आयको प्रक्षेपणका मुलभूत मान्यताहरू यस प्रकार रहेका छनः

### ;fdfGo dfGotfx¿M

- नगरपालिकामा नयाँ क्षेत्र गाभिए संगै आय संकलनको आधार (करको दायरा) स्वतः विस्तार भएको
- राजश्व सुधार कार्ययोजना कार्यान्वयन भए पश्चात्त नगरपालिकाको राजश्व प्रशासनमा सुधार आउने
- राजश्व प्रशासनमा सुधार आउनुले राजश्व संकलन प्रभावकारी हुने

उल्लेखित प्रक्षेपणका आधारमा रही आगामी तीन आर्थिक वर्षहरूका लागि प्रक्षेपित आय निम्नानुसार प्रस्तुत गरिएको छ। **तालिका १५:आगामी तीन आर्थिक वर्षहरूका लागि आय प्रक्षेपण**

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| **१००००** | **राजश्व तथा अनुदान** | **७४९,८८८,०१३** | **८२७,६६८,१३९** | **९१४,१५३,१७९** |
| **११०००** | **कर** | **१९,८२७,८७५** | **२४,६०१,९८८** | **३०,७८०,४१३** |
| **११३००** | **सम्पत्ती कर** | **१६,१४२,८७५** | **२०,२२५,२३८** | **२५,५७९,६६३** |
| **११३१०** | **अचल सम्पत्तीमा लाग्ने कर** | **१६,१४२,८७५** | **२०,२२५,२३८** | **२५,५७९,६६३** |
| ११३११ | व्यक्तिगत सम्पत्तीमा लाग्ने वार्षिक कर | | | |
| ११३१२ | संस्थागत सम्पत्तीमा लाग्ने वार्षिक कर | | | |
| ११३१३ | सम्पत्ति कर | ११,२३६,३७५ | १४,६०७,२८८ | १९,१०१,८३८ |
| ११३१४ | भूमी कर (मालपोत) | ३,३०२,५०० | ३,६३२,७५० | ३,९९६,०२५ |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | |
| ११३२१ | घर बहाल कर | १,१०४,००० | १,४३५,२०० | १,८७६,८०० |
| ११३२२ | बहाल विटौरी शुल्क | ५००,००० | ५५०,००० | ६०५,००० |
| **११३५०** | **वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर** | | | |
| ११३५१ | वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर | | | |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | | | |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | | | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | | |
| **११४२०** | **अन्तःशुल्क** | | | |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | | | |
| ११४४३ | शिक्षा सेवा शुल्क : शैक्षिक संस्था | | | |
| ११४४४ | शिक्षा सेवा शुल्क : वैदेशिक अध्ययन | | | |

| | | | | |
|---|---|---|---|---|
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **०** | **०** | **०** |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | | | |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | ० | ० |
| **११४७०** | **मनोरंजन कर** | **८०००००** | **८८००००** | **९६८०००** |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | |
| ११४७२ | विज्ञापन कर | ३००००० | ३३०००० | ३६३००० |
| ११४७३ | अन्य मनोरंजन कर | ५००००० | ५५०००० | ६०५००० |
| **११६००** | **अन्य कर** | **२,८८५,०००** | **३,४९६,७५०** | **४,२३२,७५०** |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने** | १,४६२,५०० | १,६८७,५०० | १,९१२,५०० |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १२२२५०० | १५८९२५० | २०७८२५० |
| ११६१४ | रेडियो, एफ.एम. संचालन दस्तुर | | | |
| **११६२०** | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | | | |
| ११६२१ | चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | | | |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | | |
| **११६९०** | **अन्य कर** | **१०००००** | **११००००** | **१२१०००** |
| ११६९१ | अन्य कर (कवाडी कर) | १००००० | ११०००० | १२१००० |
| **१३०००** | **अनुदान** | **५४६,२६५,१०४** | **६००,८९१,६१५** | **६६०,९८०,७७६** |
| **१३१००** | **द्धिपक्षीय वैदेशिक अनुदान** | | | |
| **१३११०** | **द्धिपक्षीय वैदेशिक चालू अनुदान** | | | |
| १३१११ | द्धिपक्षीय वैदेशिक चालू अनुदान | | | |
| **१३१२०** | **द्धिपक्षीय वैदेशिक पुँजीगत अनुदान** | | | |
| १३१२१ | द्धिपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | | | |
| १३२२१ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | |
| १३२२२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **५४६,२६५,१०४** | **६००,८९१,६१५** | **६६०,९८०,७७६** |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | **५४६,२६५,१०४** | **६००,८९१,६१५** | **६६०,९८०,७७६** |
| १३३११ | समानिकरण अनुदान | १६७,३७८,२०० | १८४,११६,०२० | २०२,५२७,६२२ |
| १३३१२ | शसर्त अनुदान | २६२,५७७,१७७ | २८८,८३४,८९५ | ३१७,७१८,३८४ |
| १३३१३ | विषेश अनुदान | ५१,७८५,९८३ | ५६,९६४,५८१ | ६२,६६१,०३९ |
| १३३१४ | समपुरक अनुदान | ६४,५२३,७४४ | ७०,९७६,११९ | ७८,०७३,७३१ |
| १३३१५ | अन्य अनुदान | | | |
| **१३३२०** | **अन्तरसरकारी पूँजीगत अनुदान** | | | |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | | | |
| १३३२२ | विशेष पूँजीगत अनुदान | | | |

| | | | | |
|---|---|---|---|---|
| **१४०००** | **अन्य राजश्व** | **१८३,७९५,०३४** | **२०२,१७४,५३७** | **२२२,३९१,९९१** |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | | | |
| **१४११०** | **ब्याज** | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त ब्याज | | | |
| १४११२ | ब्यापारिक निकायबाट प्राप्त ब्याज | | | |
| १४११३ | औद्योगिक निकायबाट प्राप्त ब्याज | | | |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त ब्याज | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त ब्याज | | | |
| **१४१२०** | **लाभांश** | | | |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | | | |
| १४१२२ | ब्यापारिक निकायबाट प्राप्त लाभांश | | | |
| १४१२३ | औद्योगिक निकायबाट प्राप्त लाभांश | | | |
| १४१२४ | सेवामुलक निकायबाट प्राप्त लाभांश | | | |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | **३,१२०,०३४** | **३,४३२,०३७** | **३,७७५,२४१** |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | १,४११,५५० | १,५५२,७०५ | १,७०७,९७६ |
| १४१५२ | क्यासिनोबाट प्राप्त रोयल्टी | | ० | ० |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | १७०८४८३.८६ | १,८७९,३३२ | २,०६७,२६५ |
| **१४१७०** | **राजश्व बाँडफाँडबाट प्राप्त आय** | **१६५,०००,०००** | **१८१,५००,०००** | **१९९,६५०,०००** |
| १४१७१ | वन रोयल्टी | | | |
| १४१७२ | खानी रोयल्टी | | | |
| १४१७३ | जलस्रोत रोयल्टी | | | |
| १४१७४ | पर्वतारोहण रोयल्टी | | | |
| १४१७५ | पदयात्रा रोयल्टी | | | |
| १४१७६ | पर्यटन सेवा शुल्क रोयल्टी | | | |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | ४००००००० | ४४०००००० | ४८४००००० |
| १४१७८ | सवारी साधन कर | ३००००००० | ३३०००००० | ३६३००००० |
| १४१७९ | अन्य बाँडफाँड हुने राजश्व | ९५,०००,००० | १०४,५००,००० | ११४,९५०,००० |
| **१४२००** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **१,२००,०००** | **१,३२०,०००** | **१,४५२,०००** |
| **१४२१०** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **१२०००००** | **१३२००००** | **१४५२०००** |
| १४२११ | कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | २००,००० | २२०,००० | २४२,००० |
| १४२१६ | निजी धारा बापतको शुल्क | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | | |
| १४२१९ | अन्य सेवा शुल्क | १०००००० | ११००००० | १२१०००० |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | **५००,०००** | **५५०,०००** | **६०५,०००** |
| १४२२१ | न्यायिक दस्तुर | २००,००० | २२०,००० | २४२,००० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | |
| १४२२४ | परीक्षा शुल्क | | | |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | | | |

| | | | | |
|---|---|---|---|---|
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३००,००० | ३३०,००० | ३६३,००० |
| **१४२४०** | **दस्तुर** | **११,१२५,०००** | **१२,२३७,५००** | **१३,४६१,२५०** |
| १४२४१ | पार्कि शुल्क | ० | ० | ० |
| १४२४२ | नक्सापास दस्तुर | २,१८५,००० | २,४०३,५०० | २,६४३,८५० |
| १४२४३ | सिफारिश दस्तुर | ८,६४०,००० | ९,५०४,००० | १०,४५४,४०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १००००० | ११०,००० | १२१,००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १००००० | ११०,००० | १२१,००० |
| १४२४६ | मुल्यांकन दस्तुर | १००००० | ११०,००० | १२१,००० |
| १४२४९ | अन्य दस्तुर | | ० | ० |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | **७००,०००** | **७७०,०००** | **८४७,०००** |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | **७००,०००** | **७७०,०००** | **८४७,०००** |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | २००००० | २२०००० | २४२००० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५००००० | ५५०००० | ६०५००० |
| **१४४००** | **अनुदान बाहेकको हस्तान्तरण** | | | |
| **१४४१०** | **चालु हस्तान्तरण** | | | |
| १४४११ | चालु हस्तान्तरण | ३०००००० | ३३०००००० | ३६३००००० |
| **१४४२०** | **पूँजीगत हस्तान्तरण** | | | |
| १४४२१ | पूँजीगत हस्तान्तरण | | | |
| **१४५००** | **विविध राजश्व** | | | |
| १४५१० | चालु दावी तथा अन्य शुल्कहरु | | | |
| १४५११ | बीमा दावी प्राप्ती | | | |
| **१४५२०** | **अन्य राजश्व** | **२,१५०,०००** | **२,३६५,०००** | **२,६०१,५००** |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | | | |
| १४५२२ | साना सवारी कर | १५०००० | १६५,००० | १८१,५०० |
| १४५२३ | लागत सहभागिता | | ० | ० |
| १४५२९ | अन्य राजश्व (विविध आय) | २,०००,००० | २,२००,००० | २,४२०,००० |
| **१४५३०** | **पूंजीगत राजश्व** | | | |
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय | | | |
| **१५०००** | **बेरुजु** | | | |
| **१५१००** | **बेरुजु** | | | |
| **१५११०** | **बेरुजु** | | | |
| १५१११ | बेरुजु | | | |
| **३३०००** | **दायित्व** | | | |
| **३३१००** | **आन्तरिक दायित्व** | | | |
| **३३१९०** | **खुद आन्तरिक ऋृण** | | | |
| ३३१९१ | ऋृण पत्र मार्फत् प्राप्त ऋृण | | | |
| ३३१९२ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋृण | | | |
| ३३१९३ | अन्य संघ संस्थाबाट प्राप्त ऋृण | | | |
| **३३२००** | **वाह्य वित्तिय दायित्व** | | | |
| **३३२४०** | **खुद वैदेशिक ऋृण** | | | |
| ३३२४१ | वैदेशिक ऋृणको प्राप्ति | | | |
| | **जम्मा राजश्व, अनुदान तथा दायित्व** | ७४९,८८८,०१३ | ८२७,६६८,१३९ | ९१४,१५३,१७९ |

कालिका नगरपालिकाको राजस्व सुधार योजना[३४]

### ४.३ निष्कर्ष

राज्य पुर्नसंरचना गर्दा गठन भएको यस नगरपालिकाले स्थानीय सरकारको रुपमा अधिकार प्राप्त गरेको छ। यस अध्ययन प्रतिवेदनमा बदलिंदो परिवेश अनुसार राजश्वपरिचालनका क्षेत्रमा गर्नुपर्ने कृयाकलापहरूको पहिचान र योजनाका साथमा अगामी आर्थिक तीन वर्षहरूमा संकलन हुन सक्ने राजश्वको प्रक्षेपण गरिएको छ। सारांशमा राजश्वसुधार कार्ययोजनाको कार्यान्वयन पश्चात नगरपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ।राजश्व बाँडफांडको प्रक्षेपण गर्दा हाल वाँडफाँड भई आएका स्रोतहरूको मात्र प्रक्षेपण गरिएकाले भविष्यमा नगरपालिकाले राजश्वआयमा उल्लेख गरिए भन्दा बढी आय प्राप्तहुने अवस्था रहेको छ।

**तालिका १६:नगरपालिकाको आय संरचना**

**रु हजारमा**

| क्र.सं. | शिर्षक | आ.व. | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १ | आन्तरिक आय | ३८,६२३ | ४५,२७७ | ५३,५२२ |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त आय | १६५,००० | १८१,५०० | १९९,६५० |
| ३ | अनुदान | ५४६,२६५ | ६००,८९२ | ६६०,९८१ |
| | | | | |
| **जम्मा** | | ७४९,८८८ | ८२७,६६८ | ९१४,१५३ |

कालिका नगरपालिकालाई वार्षिक रुपमा प्राप्त हुने आन्तरीक आय यस प्रकार छ।




माथि तालिकमा प्रस्तुत गरिएको विवरण अनुसार आव ७८/७९को प्रक्षेपित आन्तरिक आय रकम रु ३,८६,२३००० समिक्षा वर्ष २०७७/७८को बैसाख महिना सम्मको विवरण २२७००००० भन्दा करिब ७० प्रतिशत ले बढी हो तर अर्थिक वर्ष पुरा हुदा सम्म उक्त रकममा करिव ५०००००० जति आन्तरिक आय थप हुदा करिब ३१५००००० जति हुने अनुमानमा आगामि वर्षहरुको आय प्रक्षेपण गरिएको छ।नगरपालिकालाई राजश्वसंकलन अधिकार उल्लेख्य रुपमा प्रदान गरिएता पनि नगरपालिकाको दायरा अधिक देखिदैन। नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गरेको देखिन्छ। सिमित साधन र श्रोतका कारण राजश्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजश्व बृद्धिमा योगदान पुऱ्याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी श्रोतहरूको संकलन तर्फ ध्यान दिनु उपयुक्त देखिन्छ। साथै राजश्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरूलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ। नगरपालिकाले राजश्वको प्रभावकारी संकलनकालागि प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजश्वका शीर्षकहरू निम्नानुसार छन :

- सम्पत्तिकर
- व्यवसाय कर
- घर बहाल कर
- नक्सापास दस्तुर
- मनोरंजन कर
- कृषि बस्तु तथा सेवाहरुको निकासी पैठारीमा लाग्ने कर

उपरोक्त करको प्रभावकारी संकलनकालागि प्राथमिकताका आधारमा गर्नुपर्ने क्रियाकलापहरू निम्नानुसार छन् :

- आवश्यक जनशक्ति तथा छुट्टै भौतिक सुविधा सहितको राजश्वशाखा स्थापना गर्ने ।
- सम्पत्तिकर वैज्ञानिक ढङ्गले लागु गर्ने ।
- तथ्याङ्क संकलन र अद्यावधिक गर्ने ।
- आर्यात र निर्यातहुने कृषि उपजहरुको वास्तविक लगत खडा गर्ने

## ४.४सुझाव

नगरपालिकालाई राजस्व संकलन अधिकार उल्लेख्य रुपमा प्रदान गरिएकोले नगरपालिकाको दायरा अधिक देखिन्छ । नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गरेको देखिदैन । यस कारण राजस्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजस्व बृद्धिमा योगदान पुऱ्याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी श्रोतहरूको संकलन तर्फ ध्यान दिनु उपयुक्त देखिन्छ । साथै राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरूलाई पनि प्राथमिकिकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ । नगरपालिकाले प्रभावकारी संकलनमा प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजस्वका शीर्षकहरू निम्नानुसार छन् :

- सम्पत्तिकर
- घर बहाल कर
- नक्सापास दस्तुर
- व्यवसाय कर

त्यसैगरी,कालिका नगरपालिकाले राजस्व बृद्धि एवं करको प्रभावकारी संकलनकालागि प्राथमिकताका आधारमा निम्नानुसारका क्रियाकलापहरू गर्न सिफारिस गरिन्छ :

- करसचेतना सम्वनन्धी कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने ।
- आवधिक रुपमा उद्योगी तथा व्यवसायीहरुसँग कर राजस्व सम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया गर्ने ।
- पूर्वाधार विकासका क्षेत्रमा लगानीलाई प्रवर्धन र प्रोत्साहन गर्न सार्वजनिक नीजि साँझेदारी नीति तर्जुमा गरी कार्यान्वयनमा जोड दिने ।
- आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजस्व शाखा गठन गर्ने ।
- राजश्व आम्दानीका सम्भावना रहेका श्रोतहरुको खोजि गर्ने, तथ्यांक संकलन र अद्यावधिका गर्ने ।
- बहाल विटौरी करका क्षेत्रहरुको पहिचान र ठेक्का निर्धारण गर्ने ।
- कर चुक्ता विना सेवा सुविधा नगराउने ब्यवस्थाको प्रभावकारी तवरले कार्यान्वयन गर्ने ।
- करदाताहरूलाई नियमित रुपमा पत्र, एसएमएस वा विद्युतिय सूचना पठाउने ।
- आन्तरिक राजश्व कार्यालयसंगको समन्वयमा व्यवसाय कर असुलीलाई प्रभावकारी बनाउने ।
- नक्सापास प्रकृयालाई सरलिकृत गर्दै यसबाट आय स्रोत वृद्धिमा ध्यान दिनु पर्ने र भौगोलिक सूचना प्रणाली र राजश्व शाखावीच निकटतम सम्वन्ध स्थापना गर्ने । साथै नक्सा पास विवरण, बहालकर र ब्यवसाय करलाई समेत कम्प्युराइज्ड गर्ने ।

- लेखा प्रणालीलाई व्यवस्थित गरी पेश्की नियन्त्रण, प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तथा व्यवस्थापन र स्थीर सम्पत्तिहरूको संरक्षण र परिचालन गर्ने ।

# परिच्छेद पाँचः राजस्व सुधार करदाता सर्भेक्षण विश्लेषण

## ५.१ सर्भेक्षण तथ्यांक विश्लेषण

कालिका नगरपालिकाका वडावासी करदता एवम सेवाग्राहीहरुको कर एवम गैर कर राजश्वको दर रेटहरु प्रतिको सन्तुष्टि स्तर, सेवा प्रतिको सन्तुष्टि, अपेक्षाको विश्लेषणलाई प्रतिवेदनको यस प्रकोष्टमा संलग्न गरिएको छ । उल्लेखित सुचनाहरु संकलनका लागि ११ जना तथ्यांक संकलकहरु प्रयोग गरिएको थियो । ५६ वटा प्रश्नहरु रहेको प्रश्नावली सर्भेक्षण २०७८ बैसाख १८ गते देखि जेष्ठ २७ गते (४० दिन) मा सम्पन्न भएको थियो । सुविधा जनक नमुना छनौट विधी वाट चयन गरिएको ६७६ घरधुरीमा रहेका सामान्य कृषक, व्यावसायिक कृषक, सरकारी कर्मचारी, गैर सरकारी कार्यलयहरुमा कार्यरत कर्मचारीहरु, व्यावसायिहरु, शिक्षकहरु, समाज सेवी लगायत यस सर्भेक्षणमा समेटिएका छन ।  प्रश्नावली सर्भेक्षण विधीवाट संकलन गरिएका मुख्य मुख्य सर्भेक्षणको विश्लेषण यस प्रकार छ ।

### क. उत्तरदाताहरूको व्यक्तिगत बिशेषता

सर्भेक्षणमा समावेस उत्तरदाताहरुको व्यक्तितग विशेषताहरु निम्न बमोजिम रहेको छ ।

**१. लिंग र उमेर समुहका आधारमा उत्तरदाताहरू :** यस सर्भेक्षणमा समेटिएका विभिन्न उमेर समुहका महिला तथा पुरुष गरि ६७६ उत्तरदाताहरुको विवरण निम्नानुसारप्रस्तुत गरिएको छ ।

| **लिंग** | २५ बर्ष भन्दा कम | २५ देखि ४० वर्षसम्म | ४१ देखी ६० वर्षसम्म | ६१देखी७५वर्षसम्म | ७५वर्ष भन्दा माथि | **कुल संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| पुरुष | ३२ | १९७ | २०९ | ५१ | ५ | ४९४ | ७३ |
| महिला | ११ | ९७ | ६४ | ९ | ० | १८१ | २७ |
| **जम्मा** | ४३ | २९५ | २७३ | ६० | ५ | ६७६ | १०० |
| **प्रतिशत** | ६ | ४४ | ४० | ९ | १ | १०० | |

तालिकामा प्रस्तुत गरिए अनुसार कुल ६७६ सुचनाहरु मध्य ७३ प्रतिशत पुरुष उत्तरदाताहरु र २७ प्रतिशत महिला उत्तरदाताहरु रहेका छन । उमेर समुहका हिसावले २५ देखि ४० वर्ष समुहका उत्तरदाताहरु सवै भन्दा धेरै ४४ प्रतिशत र ७५ भन्दा माथिका १ प्रतिशत सवै भन्दा कम रहेका छन ।

